# मरिण गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
# कपिलाकोट, सिन्धुली

## दोस्रो गाउँसभा पाँचौं अधिवेशनमा प्रस्तुत

# आर्थिक वर्ष २०८१।८२ को
# वार्षिक, नीति तथा कार्यक्रम

मरिण गाउँपालिका

सम्मानित सभामा उपस्थित उपाध्यक्षज्यू,
सम्मानित सभा सदस्यज्यूहरु,

मरिण गाउँपालिकाको अध्यक्षको हैसियतले गरिमामय सभालाई पाँचौं पटक सम्बोधन गर्न पाउँदा म गौरवान्वित छु । यस गौरवपूर्ण अवसरमा म सर्वप्रथम नेपाली जनताको स्वतन्त्रता, नागरिक सर्वोच्चता, लोकतन्त्रको स्थापना, मुलुकको समृद्धि अमनचैन प्राप्ति तथा अग्रगमनका लागि इतिहासको विभिन्न कालखण्डमा भएका राजनीतिक क्रान्ति, जनयुद्ध, जनआन्दोलन र मधेस आन्दोलन लगायतका बलिदानीपूर्ण सङ्घर्षमा आफ्नो अमूल्य जीवनको प्राण उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात वीर सहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । घाइते र वेपत्ता योद्दाहरुप्रति सम्मान प्रकट गर्दछु । साथै, मुलुकमा राजनैतिक परिवर्तनको लागि विभिन्न समयमा नेतृत्व प्रदान गर्नुहुने श्रद्धेय नेताहरुसहित सम्पूर्ण नेपाली जनतामा हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

इतिहासका कालखण्डहरुमा नेपालमा विविध स्वरुप एवं प्रकारका शासन प्रणालीको अभ्यास भयो । जसमा एकात्मक केन्द्रीकृत राज्य प्रणालीको राजतन्त्रात्मक व्यवस्था, राणा शासन, पञ्चायती शासन, बहुदलीय व्यवस्था हुँदै आज नेपाली जनताले परिवर्तनका लागि गरेको त्याग, बलिदान र जनआन्दोलनको उपजको रुपमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीको अभ्यास भएको विद्यमान अवस्थामा समावेशी र समाजिक न्याय सहितको संविधान संविधान सभाबाट जारी भइ समुन्नत नेपाल निर्माणका लागि तीन तहको सङ्घीय शासन प्रणाली अन्तर्गत सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय सरकार मार्फत् सङ्घीयताको प्रभावकारी कार्यान्वयन भएको छ । सिंहदरबारको अधिकार घरघरमा पुर्याउनको लागि स्थानीय तहको स्थापना भइ ७५३ वटा स्थानीय तहहरु मध्ये मरिण गाउँपालिकाको हकमा पनि मरिण सरकार सञ्चालन गर्न अमूल्य सल्लाह, सुझाव, साथ, सहयोग एवं सद्भाव व्यक्त गर्नु हुने आम मरिणबासी नागरिक, राजनीतिक दल, सरोकारवाला सबैमा हृदय देखि नै आभार व्यक्त गर्दछु ।

संविधान कार्यान्वयनको क्रममा स्थानीय सरकार गठन पश्चात् पहिलो कार्यकालको ५ बर्ष र नयाँ निर्वाचित जनप्रतिनिधिहरुको पछिल्लो २ बर्ष गरी स्थानीय तह मार्फत शासन प्रणालीको अभ्यास भएको सात वर्षमा भूकम्प, कोभिड-१९, डेङ्गी लगायतका विभिन्न प्राकृतिक तथा मानवीय प्रकोप एवं विश्वव्यापी आर्थिक संकटले नेपालको अर्थतन्त्रमा अनपेक्षित दबाब एवं चुनौतीका बाबजुत अर्थतन्त्रका विद्यमान समस्यालाई समाधान गर्दै उत्पादन र उत्पाकत्व अभिवृद्धि मार्फत आर्थिक वृद्धि हासिल गर्न एउटा स्थानीय तहको नाताले मरिण सरकारले पनि उल्लेखनीय भूमिका निर्वाह गर्नुपर्ने हुन्छ, त्यस प्रति मरिण सरकार प्रतिबद्ध छ ।

अर्थतन्त्रको पुनरुत्थान, राज्यका सबै तहमा सुशासनको प्रत्याभूति, विकास निर्माण कार्यमा तीव्रता, सेवा प्रवाहमा सरलीकरण, सामाजिक न्यायको प्रवर्द्धन गर्ने उद्देश्यले गाउँपालिका आफ्नो भूमिकामा अगाडि बढ्छ र आफ्ना सीमितताको बाबजुत उपलब्ध स्रोत साधनको अधिकतम परिचालन मार्फत अघि बढिरहेको छ ।

सार्वजनिक खर्चमा मितव्ययिता, पुँजीगत खर्च वृद्धि, गुणस्तरीय पूर्वाधार निर्माण र सेवा प्रवाहमा सुधार, भ्रष्टाचार नियन्त्रण, उत्पादन र रोजगारी वृद्धि, पर्यावरणीय सन्तुलन, आर्थिक-सामाजिक विभेदको अन्त्य, गरिबी निवारण, समावेशी एवं दिगो विकास तथा सुशासन, सामाजिक न्याय र समृद्धिको केन्द्रीय कार्यभार पूरा गर्नु मरिण सरकारका प्रमुख नीतिगत प्राथमिकता हुनेछन् । गाउँपालिकाको वार्षिक नीति, कार्यक्रम तथा बजेट यिनै प्राथमिकतामा परिलक्षित हुनेछन् । प्रस्तुत नीति तथा कार्यक्रमको कार्यान्वयनमा गाउँपालिकाका हरेक विकासात्मक क्रियाकलापहरुलाई उत्पादन र रोजगारी सिर्जनामा आवद्ध गरि किसान, वेरोजगार नागरिक, मजदुर, पछाडि पारिएको वर्ग एवं समुदाय तथा अन्य लक्षित वर्गलाई विशेष प्राथमिकता दिई तदनुरूप स्रोतसाधनको परिचालन गरिनेछ ।

तीन तहका सरकारबीच समन्वय, सहकार्य र सहअस्तित्वको सिद्धान्त बमोजिम कार्यात्मक अन्तर सम्बन्ध सुदृढ गरि काममा रहेको दोहोरोपनाको अन्त्य गर्दै बुझाईमा

एकरुपताका साथ तीनै तहका सरकारको अपनत्व कायम हुने गरि योजना तथा कार्यक्रमको प्राभावकारी कार्यान्वयन गरिनेछ ।

सार्वजनिक खर्चको विनियोजन तथा कार्यान्वयन क्षमतामा सुधार गरि पुँजीगत खर्च वृद्धि गर्दै प्रशासनिक खर्चमा मितव्ययिता कायम गरिनेछ । आर्थिक प्रशासनलाई थप पारदर्शी, नतिजामुखी र सूचना प्रविधिमा आधारित बनाइनेछ ।

विश्वव्यापी रुपमा झेल्नु परेको आर्थिक संकटजन्य विषम् परिस्थितिमा नागरिकको जीवनयापन सहज वनाउँदै गाउँपालिकाको वृहत्तर हितको निमित्त गाउँपालिकाको अध्यक्षको हैसियतले यस गरिमामय दोस्रो गाउँसभाको पाँचौं अधिवेशनमा वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न उपस्थित भएको छु । विश्वव्यापी आर्थिक संकट एवं मन्दीको प्रभावबाट प्रभावित भएको देशको अर्थतन्त्रमा परेको नकारात्मक असरलाई केही हदसम्म न्यूनीकरण गर्न मरिण गाउँपालिकाको बार्षिक नीति, कार्यक्रम तथा बजेटले सहयोग पुर्याउनेछ भन्ने अपेक्षा लिएको छु ।

"***समृद्ध मरिणः खुशी मरिणबासी***" को नारालाई पूरा गर्न स्थानीय सरकारको नीति तथा कार्यक्रम केन्द्रित रहेको कुरा सम्मानित सभाका सदस्यज्यूहरुलाई अवगत गराउँदछु ।

गाउँपालिकाको वृहत्तर हित एवं गाउँवासीको तमाम ईच्छा र आकांक्षालाई सम्वोधन गर्न आगामी आर्थिक वर्ष २०८१।८२ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न गइरहेको छु ।

गाउँसभा सदस्यज्यूहरु,

अब म आगामी आ.व. २०८१/८२ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न अनुमति चाहन्छु ।

# क्षेत्रगत नीति तथा आधारहरुः

## आर्थिक विकास सम्बन्धी नीतिः

### कृषि तथा पशुपंक्षी विकासः

**"कृषि, पशुपालन र पूर्वाधारः मरिण गाउँपालिका विकासको आधार"** भन्ने दीर्घकालीन सोच हासिल गर्न नीति तथा कार्यक्रम तय गरि कार्यान्वयन गरिनेछः

१. आधुनिक कृषि प्रणालीको विकास गरि व्यावसायिक, उत्पादनमुखी कृषि तथा पशुपालनलाई प्रवर्द्धन गर्दै गाउँपालिकालाई खाद्यान्न, दुध र मासुमा आत्मनिर्भर बनाउन नवप्रवर्तनकारी एवं समुदायमा आधारित पशुपन्छी वृहत् साझेदारी कार्यक्रम सञ्चालन गरिनेछ ।

२. मरिणको किसानलाई प्रोत्साहन र स्थानीय उत्पादन एवं उत्पादित वस्तुलाई प्रवर्द्धन गर्न बाहिरी जिल्लाबाट आयात हुने तरकारी लगायतका कृषिजन्य उपजमा प्रतिबन्ध लगाई आयातलाई प्रतिस्थापन गर्ने नीति अवलम्बन गरी कार्यान्वयनमा ल्याईनेछ ।

३. वित्तीय पहुँचवाट टाढा रहेका किसानहरुको लागि सरोकारवाला वैंक तथा वित्तीय संस्था सँग समन्वय गरी विना धितो विना झन्झट रु. २ लाख सम्म सहुलियतपूर्ण कर्जा उपलब्ध गराउन पहल गरिनेछ ।

४. कृषि सिंचाइमा आम किसानहरुको पहुँच स्थापित गर्न **"एक टोल एक** सिंचाई संरचना निर्माणमा जोड दिईनेछ ।

५. मरिणको पहिचान माछा र तामाको व्यावसायिक उत्पादनलाई जोड दिई सोको ब्राण्डिङ्ग गरि बजारीकरणमा जोड दिईनेछ ।

६. बागमती प्रदेश सरकार र मरिण सरकारको बीच सम्झौता भई कार्यान्वयन भएको नवप्रवर्तन साझेदारी कोष अन्तर्गत उन्नत जातको भैंसी तथा बंगुरपालन कार्यक्रमको दिगोपनाका लागि उक्त कार्यक्रमलाई गाउँपालिकाको कृषि तथा पशुपंक्षी विकासका अन्य कार्यक्रम सँग जोडी आवश्यक बजेटको व्यवस्थापन गरि नियमित अनुगमन, नियमन र निरीक्षणका कार्यलाई तीब्रता दिई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ । साथै वितरित उन्नत जातको बंगुर तथा भैंसीको पाडीहरुको प्रजनन् व्यवस्थापनमा जोड दिई त्यसबाट उत्पादित सन्ततिलाई उपहारको रुपमा गाउँपालिका अन्तर्गतका अन्य लाभग्राहीहरुलाई प्रदान गर्ने नीति अवलम्बन गरिनेछ ।

७. गाउँपालिकाबाट प्रदान गरिने अनुदानको उपयोग, प्रभाव र परिणामलाई उत्पादन एवं उत्पादकत्व सँग आबद्ध गरि गरिबी निवारणमा टेवा पुऱ्याउने उद्देश्यका साथ वास्तविक व्यावसायिक कृषकहरुलाई प्रोत्साहन गर्न उत्पादन एवं विक्रीमा आधारित कृषि अनुदान कार्यक्रमलाई बढोत्तरी गर्दै निरन्तरता दिइनेछ ।

८. आगामी आ.व.मा आर्थिक विकास, उद्यमशील विकास, व्यवसायीकरण, कृषि प्रवर्द्धन, कृषि सहकारी मार्फत् सुलभ कर्जा प्रवाह, वीउ विजन व्यवस्थापन, एक घर एक कृषि सहकारी सदस्य, वित्तीय संस्थाहरुसँग उत्पादन वृद्धिका लागि सहजीकरण, सिंचाइ व्यवस्था, कृषिमा प्राविधिक सहयोग, बजारीकरण, उत्पादन एवं उत्पादकत्व अभिवृद्धि गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

९. मरिणको आर्थिक विकास र समृद्धिका लागि मार्गनिर्देश गर्ने स्थानीय आर्थिक विकास रणनीतिक योजना कार्यान्वयनमा ल्याईनेछ ।

१०. कृषकहरुले उत्पादन गरेको बस्तु एवं सेवाको सुरक्षित भण्डारण गर्न निर्माण भएको चिस्यान केन्द्रको क्षमता अभिवृद्धि गरि व्यवस्थित रुपमा संचालन गरिनेछ।

११. मरिण गाउँपालिका अन्तर्गत वडा नं. ०६ स्थित नयाँ बस्तीमा निर्माण गरिएको कृषि उपज संकलन केन्द्र (हाट बजार) लाइ थप सुदृढ गर्दै त्यहाँ रहेका कोशेली घर, पशु वधशाला, र बाख्रा संकलन केन्द्र लगायतका संरचनाहरुलाई व्यवस्थित

ढंगले संचालन गरिनुका साथै मरिण गाउँपालिका वडा नं. ०२ मा थप नयाँ कृषि उपज संकलन केन्द्र स्थापना गरि संचालनमा ल्याइनेछ ।

१२. मरिणका किसानले उत्पादन गरेको कृषि उपजको वजारीकरणका लागि यातायातको सहज पहुँच स्थापित गर्न वितरण गरिएको कृषि एम्बुलेन्सलाई व्यवस्थित रुपमा संचालन गरिनेछ ।

१३. उत्पादन र उत्पादकत्व वृद्दि, रोजगारी सिर्जना, पूर्वाधार निर्माण, खानेपानी तथा विद्युतमा सहज पहुँच स्थापित गर्दै कृषिको समग्र विकासात्मक पक्षहरुलाई प्राथमिकतामा राखी कार्यान्वयनमा ल्याईनेछ ।

१४. मरिण गाउँपालिकाका किसानहरुमा कृषि सिंचाईको पहुँच वृद्धि गर्न एवं स्वच्छ खानेपानीको प्रत्याभूतिका लागि लिफ्ट सिंचाई तथा खानेपानीमा लाग्ने विद्युत महसुल निःशुल्क गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

१५. प्रत्येक कृषि योग्य भूमिमा निरन्तर सिंचाई उपलब्ध गराउन कुलोको निर्माण, मर्मत सम्भार तथा संरक्षण गरि कृषिको उत्पादन तथा उत्पादकत्व अभिवृद्धि गरिनेछ ।

१६. भूमिको बढ्दो खण्डीकरण एवं जग्गा बाँझो राख्ने प्रवृत्तिलाइ निरुत्साहित गर्दै आधुनिक प्रविधिको प्रयोग सहज र लागत कम गरी उत्पादन एवं उत्पादकत्व अभिवृद्धि गर्न गह्रा सुधार कार्यक्रम कार्यान्वयनमा ल्याइनेछ ।

१७. मरिण गाउँपालिका अन्तर्गतका भू-क्षेत्रमा उत्पादन हुने कृषि उपजको सम्भाव्यतालाई अध्ययन गर्न कृषकहरुको सहभागिता र साझेदारीमा माटो परीक्षण तथा माटो उपचार अभियानलाई निरन्तरता दिईनेछ । गाउँपालिकामा नै माटो परीक्षणको लागि आवश्यक उपकरण एवं सामग्रीको व्यवस्थापन गरि कृषि उत्पादनलाई पकेट क्षेत्रको रुपमा विकास गर्ने कार्यलाई सरोकारवाला निकायहरु बीच समन्वय गरी प्रभावकारी कार्यान्वयन गरिनेछ ।

१८. खाद्य वालीको उत्पादन एवं उत्पादकत्व वृद्धि गरी गाउँपालिकालाई खाद्यान्नमा आत्मनिर्भर बनाईनेछ ।

१९. व्यावसायिक शिक्षा अन्तर्गत कृषि विषय पठनपाठन हुने विद्यालय तथा कलेजहरुसँग साझेदारी एवं समन्वयमा कृषि उत्पादन, उत्पादकत्व अभिवृद्धि र

कृषकहरुको क्षमता विकासमा सहयोग पुर्याउने हेतुले मरिणमा स्थापना भएको बागमती प्रदेश स्तरीय प्राकृतिक स्रोत व्यवस्थापन कलेज सँगको सहकार्यमा कलेजका प्राज्ञिक प्राध्यापक र सिर्जनशील विद्यार्थीको ज्ञान उपयोग गर्ने नीति लिईनेछ ।

२०. कृषि क्षेत्रमा जलवायु र जमिनको उर्वरता अध्ययन गरि बालीहरुको पकेट क्षेत्र निर्धारण एवं एक गाउँ एक पकेट क्षेत्र विकास गर्ने नीतिलाई निरन्तरता दिइनुका साथै सङ्घीय सरकार, बागमती प्रदेश सरकार र मरिण गाउँपालिकाको सहकार्यमा पकेट विकास कार्यक्रमको प्रभावकारी कार्यान्वयन गरिनेछ ।

२१. समुदायमा आधारित एक वडा एक कृषि उत्पादन कार्यक्रम अन्तर्गत बागमती प्रदेश सरकार र मरिण गाउँपालिकाको साझेदारीमा मरिण गाउँपालिकाको वडा नं. ०२ स्थित सिन्दुरे दोभानमा वृहत् माछा पालन कार्यक्रम कार्यान्वयनमा ल्याईनेछ ।

२२. कृषि प्रणालीको आधुनिकीकरणको लागि कृषिमा यान्त्रीकरणलाई प्रोत्साहित गर्न लागत सहभागितामा आधारित आधुनिक कृषि यन्त्र उपकरण अनुदानमा उपलब्ध गराइने नीतिलाई निरन्तरता दिइनेछ ।

२३. कृषि वालीमा रासायनिक मल तथा विषादीको प्रयोगलाई न्यूनीकरण गर्दै नमूना जैविक उत्पादन क्षेत्र निर्धारण गरि कार्यक्रम सञ्चालन गरिनेछ ।

२४. कृषकले उत्पादन गरेको कृषि उपजलाई कृषि उपज संकलन केन्द्र मार्फत विक्री वितरणको व्यवस्था मिलाइनेछ । कृषि उपज संकलन केन्द्रलाई सुविधा सम्पन्न बनाई किसानको उत्पादनलाई बजारीकरणमा सहजीकरण गरिनेछ । "एक टोल एक सामूहिक कृषि उत्पादन, एक वडा एक विशेष उत्पादन" मार्फत आत्मनिर्भर अर्थतन्त्रको निर्माणका लागि पहल गरिनेछ । गाउँपालिकामा आधुनिक शीत भण्डारण निर्माणको लागि सबै तहका सरकारसँग समन्वय र सहकार्य गरिनेछ ।

२५. तरकारी तथा फलफूल खेतीको सम्भाव्यता अध्ययन मार्फत फलफूल पकेटलाई आधुनिकीकरण गरि व्यावसायिक तरकारी एवं फलफूल खेतीलाई प्रवर्द्धन गरिनेछ ।

२६. कृषकका समस्या तत्कालै सम्वोधन गर्न प्रत्येक वडामा कृषि/पशु प्राविधिकको व्यवस्था गरि क्रमशः कृषि तथा पशु सेवा केन्द्र सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।

२७. व्यावसायिक पशुपालनलाई प्रवर्द्धन गर्न उन्नत जातका बीउ बोका, घास, दाना लगायत आवश्यक अन्य विविध पक्षको सहज पहुँचलाई सुनिश्चित गरिने नीतिलाई निरन्तरता दिईनेछ ।

२८. तुलनात्मक लाभका नगदेबाली खेतीलाई प्राथमिकता दिइ प्रोत्साहन गरिनेछ । किसानलाई कृषिमा प्रोत्साहित गर्न उत्कृष्ट कृषक पुरस्कार प्रदान गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

२९. पशुपंक्षी पालन पकेट क्षेत्रलाई निरन्तरता दिई जलवायु तथा आहाराको उपलब्धता तथा सम्भाव्यताको आधारमा व्यावसायिक पशुपालनलाई प्रोत्साहित गरिने नीति अवलम्बन गरिनेछ ।

३०. गाउँपालिकाको आर्थिक एवं हेफर प्रोजेक्ट नेपालको प्राविधिक सहयोगमा निर्मित अत्याधुनिक पशु वधशालालाई तत्काल संचालनमा ल्याईनेछ ।

३१. सहकारी वा कृषक समूह मार्फत बीउ तथा पशु प्रजनन् (कृत्रिम गर्भाधान) को सेवा प्रवाह गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

३२. गोठ तथा खोरहरुको सुधार, गोठेमलको संरक्षण गर्ने, कम्पोष्ट र भर्मी कम्पोष्ट मल बनाउने सीप तथा प्रविधि सम्बन्धी तालिम तथा सचेतना कार्यक्रमलाई थप प्रभावकारी रुपमा संचालन गरिनेछ ।

३३. कृषि तथा पशुपालनमा हुने जोखिम न्यूनीकरण गर्न बाली एवं पशु बीमा कार्यक्रमलाई सरोकारवालाहरुको समन्वय एवं सहकार्यमा प्रोत्साहित गरिनेछ ।

३४. कृषकहरुको कृषि उत्पादनलाई बजारीकरणका लागि सहजीकरण गरि हौसला प्रदान गर्न निर्माण भएको गाउँपालिका स्तरीय तरकारी संकलन केन्द्रलाई थप व्यवस्थित बनाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

३५. दुग्ध पदार्थको संकलन र बजारीकरणलाई व्यवस्थित गर्न स्थापना भएको दुग्ध संकलन केन्द्रलाई प्रभावकारी रुपमा संचालन गरिनेछ ।

३६. पशुहरुमा लाग्ने आन्तरिक तथा बाह्य परजिबी नियन्त्रणको लागि निःशुल्क प्रदान गरिने पशु औषधिको प्रयोगलाई आवश्कता र औचित्यताको आधारमा थप व्यवस्थित बनाइ नियमन गरि उपचारात्मक सेवालाई निरन्तरता दिईनेछ ।

३७. एकीकृत कृषि तथा पशुपंक्षी फर्म स्थापनाको लागि संभाव्यता अध्ययन गरिनुका साथै बगरे खेतीलाई प्रोत्साहित गरी संचालन गर्न पहल सरोकारवाला निकायहरु बीचमा समन्वय र सहकार्य गरिनेछ ।

३८. मरिण गाउँपालिका भित्र उन्नत जातको बंगुर स्रोत केन्द्र स्थापना गर्न पहल गरिनेछ ।

३९. पशु आहारको पहुँचलाई अभिवृद्धि गर्न घाँस स्रोत केन्द्र स्थापनाका लागि आवश्यक व्यवस्था मिलाईनेछ ।

४०. मरिणका कृषकहरुमा सहज, सर्वसुलभ र सरल तरिकाले बीउको पहुँच स्थापित गरी उत्पादन तथा उत्पादकत्व अभिवृद्धि गर्न सामुदायिक बीउ बैंक स्थापनामा पहल गरिनेछ ।

४१. मरिण गाउँपालिकाको वडा नं. ०३ पिर्थेबारीमा स्थापना गरिएको दाना उद्योगको क्षमता वृद्धि गरि थप सुदृढ एवं व्यवस्थित बनाई गाउँपालिका अन्तर्गतका सबै किसानहरुको सहज पहुँच स्थापित गर्न सरोकारवाला सँग प्रभावकारी समन्वय गरिनेछ ।

४२. कृषिमा आत्मनिर्भर उत्पादनमा वृद्धि किसानको आत्मसम्मान मार्फत मरिणको समृद्धि भन्ने मूल नाराका साथ कृषि कर्मलाई सम्मानित, प्रविधियुक्त एवं आधुनिकीकरण गरि अगाडि बढ्ने नीति लिईनेछ ।

४३. गाउँपालिकाको वृहत कृषि तथा उद्यम विकास परियोजना कार्यान्वयनको लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

४४. गाउँपालिका अन्तर्गतका किसानहरुलाई रासायनिक मल समयमै उपलब्ध गराउन पहल गरिनेछ । गाउँपालिका अन्तर्गतका किसानहरुलाई सरल, सहज एवं सर्वसुलभ ढंगबाट रासायनिक मल उपलब्ध गराउन गाउँपालिकामा सूचीकृत सहकारीहरु मार्फत सम्बन्धित निकायमा समन्वय गरिनेछ ।

४५. व्यावसायिक कृषि तथा पशुपालनमा आधारित व्यवसायलाई प्रवर्द्धन गर्ने नीति अवलम्बन गरिनेछ । गाउँपालिका क्षेत्रभित्रका बाँझो जग्गा उपयोगका लागि नीतिगत व्यवस्था मिलाई कार्यान्वयनमा ल्याईनेछ ।

४६. विषादी मलको प्रयोगलाई न्यूनीकरण गर्दै प्राङ्गारिक मलको प्रयोगमा जोड दिन प्राङ्गारिक मल कारखाना स्थापनाका लागि सङ्घीय सरकार र प्रदेश सरकार समक्ष पहल गरिनेछ । प्रत्येक वडा तथा टोलमा प्राङ्गारिक मल सम्बन्धी सीप विकास तालिम संचालनमा ल्याईनेछ ।

४७. कृषि तथा पशुपंक्षी सेवा क्षेत्रलाई थप व्यवस्थित बनाइ प्रविधिमैत्री बनाउन डिजिटल एपलाई प्रयोगमा ल्याइनेछ ।

४८. मरिण गाउँपालिकालाई दुग्धजन्य तथा मासुजन्य पदार्थमा आत्मनिर्भर बनाइ व्यावसायिक विविधिकरण मार्फत दुग्धजन्य एवं मासुजन्य पदार्थको निर्यात गरी किसानहरुको आम्दानीमा बढोत्तरी गर्ने लक्ष्यका साथ गाइ/भैंसी पालन असल अभ्यास कार्यक्रम र मासुको लागि पाडा प्रवर्द्धन कार्यक्रम कार्यान्वयनमा ल्याइनेछ ।

४९. धानको उत्पादनमा विविधिकरण गरी उत्पादत्व अभिवृद्धि गर्न मसिना तथा बास्नादार धान प्रवर्द्धन कार्यक्रम संचालन गरिनेछ ।

५०. पशुपंक्षी प्रवर्द्धन कार्यक्रम अन्तर्गत लोकल कुखुराको व्यावसायिक पालनका लागि कृषकहरुलाई प्रोत्साहित गर्ने कार्यक्रम संचालनमा ल्याइनेछ ।

५१. एक वडा एक मासु विक्री केन्द्र स्थापना गर्ने नीति लिइनेछ ।

५२. मरिण गाउँपालिकाको पशु पालनको अवस्था, सम्भावना, चुनौती र अवसरलाई मध्यनजर गर्दै पशु स्वास्थ्य संवेदनशीलतालाई समेत दृष्टिगत गरी एक भेटेरिनरी डाक्टर अर्थात् एक पशु चिकित्सकको व्यवस्था मिलाइनेछ ।

५३. किसान राष्ट्रका गहना हुन, किसान राष्ट्रका सम्पत्ति हुन, किसान राष्ट्रका सान हुन, किसानको परिश्रम बिना देश विकास असम्भव छ, श्रमप्रति सम्मान गर्दै किसान हुनुमा गर्व छ भन्ने भावनाको जागृत गराइ कृषि कर्मप्रति किसानहरुलाई आकर्षित एवं समर्पित गराउन **"कुटो कोदालो औजार छ हातमाः मरिण सरकार छ किसानको**

**साथमा"** भन्ने मूल नारालाई कार्यान्वयन गर्न बास्तविक किसानहरुको पहिचान गरी किसान पेन्सनको व्यवस्था मिलाईनेछ ।

**<u>पर्यटन प्रवर्द्धन तथा संस्कृतिः</u>**

५४. मरिण गाउँपालिकाको प्रमुख पर्यटकीय क्षेत्रको रुपमा रहेको ऐतिहासिक पञ्चकन्या पोखरीको पर्यटकीय पूर्वाधार निर्माण कार्यलाई निरन्तरता दिईनेछ । पञ्चकन्या पोखरीको साँस्कृतिक पर्यटकीय गुरुयोजना तयार गरि पञ्चकन्याको प्रतिमा स्थापना, पिकनिक स्थल निर्माण, बाल उद्यान निर्माण लगायत साँस्कृतिक संग्राहलयको स्थापना गरिनेछ ।

५५. पञ्चकन्या पर्यटकीय पोखरीलाई बहुआयामिक तवरले विकास र विस्तारका लागि उक्त परिसरसमा निर्माणाधीन माझी संस्कृति राष्ट्रिय संग्राहलयको निर्माण कार्य सम्पन्न गरी थप व्यवस्थित बनाई पर्यटन प्रवर्द्धनमा जोड दिइनेछ ।

५६. पञ्चकन्या पोखरी परिसरको वन क्षेत्र भित्र सरोकारवालाहरुको समन्वयमा चिडिया खानाको निर्माण गरिनुका साथै उक्त पोखरीमा जैविक रुपमा उपयुक्त हुने गरि विभिन्न प्रजातिका जलचर राख्ने प्रवन्ध मिलाईनेछ ।

५७. मरिण गाउँपालिका अन्तर्गत नमूना गाउँ एवं टोल विकास तथा होम-स्टे प्रवर्द्धन कार्यक्रम संचालनमा ल्याउन पहल गरिनेछ ।

५८. मरिण गाउँपालिका अन्तर्गत वडा नं. ०४ साहानमा अवस्थित पशुपतिनाथको मन्दिर परिसरमा चिल्ड्रेन पार्क निर्माण गर्न पहल गरिनुका साथै उक्त मन्दिर परिसरको संरक्षणको व्यवस्था मिलाईनेछ ।

५९. पर्यटनलाई गाउँपालिकाको सबै प्रकारका आर्थिक गतिविधि सँग आवद्ध गरि रोजगारी सिर्जना गर्ने एवं स्थानीय उत्पादनको प्रवर्द्धनमा जोड दिईनेछ ।

६०. आफ्नो छुट्टै विशिष्ट पहिचान बोकेको राष्ट्रिय रुपमा सिमान्तकृत आदिवासी जनजाति एवं मरिणको बहुसंख्यक तामाङ जातिको संस्कृतिको संरक्षण र प्रवर्द्धन गर्न वडा नं. ०६ स्थित देउरालीमा  वृहत् तामाङ साँस्कृतिक संग्राहलय स्थापना गरिनेछ ।

६१. गाउँपालिका अन्तर्गतका धार्मिक, साँस्कृतिक, पर्यटकीय क्षेत्रहरुको रुपमा रहेका दरवार डाँडा, टुँडिखेल दरबार, चनौटे दरबार, धुरी ढुंगा, कपिलेश्वर गढी, ढोका ढुंगा, खाट दमार, साँडा छोइलिङ गुम्वा, देउराली बुद्ध पार्क, पशुपति मन्दिर क्षेत्र, पाँच तले झरना लगायतका अन्य पर्यटकीय क्षेत्रहरुको संरक्षण, विकास र प्रवर्द्धन गर्न सङ्घीय सरकार तथा प्रदेश सरकार बीचमा समन्वय र सहकार्य गरिनेछ ।

६२. मरिण गाउँपालिका अन्तर्गतका पुरातात्विक महत्वका प्राकृतिक, धार्मिक, सामाजिक तथा साँस्कृतिक मूर्त एवं अमूर्त सम्पदाहरुको संरक्षण र प्रवर्द्धनमा विशेष जोड दिइनेछ ।

६३. मरिण गाउँपालिका वडा नं. ०६ देउरालीमा अवस्थित बुद्ध पार्कलाई थप व्यवस्थित वनाई पर्यटकीय स्थलको रुपमा विकास गर्न निरन्तरता दिईनेछ ।

६४. मधुवनीमा प्यारागलाडिङ्ग प्रवर्द्धन, सिन्दुरे दोभान फाँटमा ऐतिहासिक ताल निर्माणको सम्भाव्यता अध्ययनको कार्य अगाडि वढाई योजना कार्यान्वयनमा ल्याईनेछ ।

६५. निजी क्षेत्रको साझेदारीमा पर्यटकीय पूर्वाधारको निर्माण, सञ्चालन र हस्तान्तरण मोडेल अवलम्वन गरि गाउँपालिका भित्र रहेका पर्यटकीय पूर्वाधारहरुको विकास गरिनेछ ।

६६. मरिण गाउँपालिका भित्र रहेका ऐतिहासिक एवं पर्यटकीय सम्भावित क्षेत्रमा पदमार्ग व्यवस्थित गरि उक्त रुटमा स्थानीय कला संस्कृति, भाषा, भेषभुषाको संरक्षणका एवं प्रवर्द्धन गर्ने नीति लिइनेछ ।

६७. गाउँपालिका भित्र अवस्थित विभिन्न ऐतिहासिक तथा धार्मिक महत्वका पोखरी र विभिन्न ऐतिहासिक दरवारहरुको संरक्षण गर्ने नीति लिइनेछ ।

६८. मगर, तामाङ, माझी, थामी तथा हायु समुदायको कला, संस्कृति, रहनसहन, रितिरिवाज र भेषभुषालाई पर्यटकीय आकर्षकको आभूषणको रुपमा विस्तार र विकास गरिनेछ ।

६९. मरिण गाउँपालिकाको पर्यटनलाई बहुआयामिक पक्षहरुसँग जोडी एक वडा एक पर्यटन क्षेत्र निर्माणमा विशेष पहल गरिनेछ ।

७०. तामाङ समुदायको संस्कार र संस्कृतिको संरक्षण एवं जगेर्ना गरि प्रवर्द्धनका लागि "एक वडा एक गुम्बा" निर्माण गर्ने नीति अबलम्बन गरिनुका साथै मगर समुदायको धार्मिक स्थल मगर विहार निर्माणका लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

७१. मरिण गाउँपालिका अन्तर्गतका विभिन्न जातजातिहरुको विशिष्ट साँस्कृतिक पर्वहरुलाई सम्मान गर्दै प्रवर्द्धन गर्ने नीति लिईनेछ ।

७२. नेपाल बहुजातीय, बहुधार्मिक, बहुभाषिक, बहुसाँस्कृतिक देश भएकोले हरेक नागरिकको धार्मिक स्वतन्त्रता सम्बन्धिको मौलिक हकलाई उच्च सम्मान गर्दै धार्मिक सहिष्णुता सहितको धर्मनिरपेक्ष राष्ट्रको नागरिक हकको प्रत्याभूति गरिनेछ। तर विभिन्न प्रलोभन एवं जालसाजीमा पारी जबर्जस्ती धर्म परिवर्तन गर्ने गराउने कार्यलाई निरुत्साहित गरिनेछ ।

**<u>उद्योग, वाणिज्य तथा बजार व्यवस्थापनः</u>**

७३. व्यापार, व्यवसायलाई विविधिकरण गर्दै सुपरमार्केट स्थापना गर्ने नीतिगत व्यवस्था गरी उक्त अवधारणा कार्यान्वयनमा ल्याइनेछ ।

७४. मरिण गाउँपालिका वडा नं. ०३ भालुमारामा औद्योगिकग्राम स्थापना गर्न बागमती प्रदेश सरकार सँग समन्वय गरी सोको कार्यान्वयनको लागि आवश्यक पहल गरिनेछ ।

७५. मरिण गाउँपालिकाको नागरिकहरुमा वित्तीय संस्थाहरुको पहुँचलाई अभिवृद्धि गरी वित्तीय सेवा सुलभ रुपमा उपलब्ध हुने अवस्थाको सिर्जना गराउन हाल मरिणमा कार्यक्षेत्र रहेका वित्तीय संघ-संस्थाहरु पर्याप्त नभएको हुँदा अन्य वित्तीय संघ-संस्थाहरुलाई मरिणमा आकर्षित गर्ने नीति लिईनेछ ।

७६. स्थानीय तहमा उत्पादन हुने कच्चा पदार्थ प्रयोग गरेर वस्तु उत्पादन गर्ने लघु तथा घरेलु उद्योग स्थापना गर्न सहजीकरण र प्रोत्साहन गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

७७. गाउँपालिका क्षेत्र भित्रका साप्ताहिक तथा मासिक हाट बजारहरुलाई व्यवस्थित गरिनेछ ।

७८. सुपथ मूल्य पसल सञ्चालन गर्न ईच्छुक सहकारीलाई विशेष सहुलियत दिने नीति लिइनेछ ।

७९. उपभोक्ताको हित संरक्षण गर्दै बजारका सेवालाई गुणस्तरीय एवं ग्राहकमैत्री बनाउन पसल, रेष्टुरेण्ट, होटल तथा लजको व्यावसायिक उत्तरदायित्व बहन गराउन दैनिक मूल्य सूची ग्राहकले सहजै देख्न सक्ने गरी राख्ने व्यवस्थालाई कडाईका साथ लागू गरिनेछ ।

८०. प्रचलित कानून बमोजिम दर्ता नभएका पसलहरुलाई अनिवार्य रुपमा गाउँपालिकामा दर्ता गराई करको दायरामा ल्याईनेछ ।

८१. घरभाडा वा बहाल लिंदा एवं दिंदा अनिवार्य रुपमा सम्झौता गर्नु पर्ने व्यवस्था लागू गरी कडाईका साथ घरबहाल करको दायरामा ल्याइनेछ ।

**भूमि व्यवस्थाः**

८२. गाउँपालिका भित्र बसोबास गरि नाप नक्साको लागि निसा कार्ड प्राप्त गरेका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित वसोबासीहरुलाई यथाशक्य छिटो प्रचलित कानून बमोजिम जग्गा धनीपूर्जा उपलब्ध गराईनेछ ।

८३. जिल्ला मालपोत कार्यालय सिन्धुली सँग समन्वय गरि गाउँपालिका बाटै भूमि प्रशासन सम्बन्धी सेवा प्रवाह गर्ने व्यवस्थाका लागि आवश्यक पहल गरिनेछ ।

८४. नवीनतम् प्रविधिको उच्चतम् प्रयोग गरी Total Station र DGPS मार्फत् जग्गा नापजाँचको कार्यलाई अगाडि वढाईनेछ ।

८५. मरिण गाउँपालिका क्षेत्र भित्रका राजमार्ग सडक, राजमार्गबाट खोलिएका शाखा सडक, प्लटिङ क्षेत्रको सडक, ग्रामीण कृषि सडक, खेति योग्य धनहर जग्गा र बारीयोग्य भीट जग्गाको वडा, ब्लक र क्षेत्रफल समेत खुलाई जग्गा बर्गीकरण मार्फत जग्गाको न्यूनतम मूल्य बैज्ञानिक तवरले कायम गरी बास्तविकता यकिन गर्न सरोकारवाला निकायहरु बीचमा समन्वय गरी सो कार्यको लागि आवश्यक बजेटको व्यवस्था मिलाईनेछ ।

८६. नापी विभागसँग समन्वय गरि जग्गाको नक्सा प्रिन्ट गाउँपालिकाबाट नै उपलब्ध गराउन पहल गरिनेछ ।

८७. सार्वजनिक जग्गाको रेखाङ्कन गरि संरक्षण गरिने नीति अबलम्बन गरिनेछ ।

**सहकारीः**

८८. सहकारीमैत्री नीति, ऐन तथा नियमावली एवं कार्यविधिहरु र अन्तर सम्बन्धित कानुनहरु तर्जुमा, परिमार्जन, नियमन, अनुगमन, निरीक्षण, पृष्ठपोषण लगायतका प्रवर्द्धनात्मक कार्यक्रमहरु संचालन गरिनेछ ।

८९. सहकारी संघ/संस्थाहरुलाई एकीकरणको लागि प्रोत्साहन गर्न कर छुट दिने नीति अवलम्बन गरिनेछ ।

९०. कृषि क्षेत्रसँग सम्बन्धित उत्पादन, प्रशोधन तथा बजारीकरण एवं प्रवर्द्धनको लागि सहकारीमा आवद्ध गर्ने नीति अवलम्बन गरिनेछ ।

९१. सामाजिक सुरक्षा भत्ता लगायत विभिन्न भत्ता एवं सुविधाहरु सहकारी मार्फत वितरण गर्ने व्यवस्था मिलाउन पहल गरिनेछ ।

९२. खेती योग्य बाँझो जग्गा उपयोग हुने गरि सहकारी मार्फत सामूहिक तथा व्यावसायिक खेती प्रवर्द्धनका लागि पहल गरिनेछ ।

९३. सहकारीलाई आवश्यक प्रवर्द्धन र नियमन गर्न बचत तथा ऋण सहकारीहरूलाई उत्पादन तथा श्रम क्षेत्रमा केन्द्रित हुने नीति अवलम्बन गरिनेछ ।

९४. सहकारीको माध्यमबाट स्थानीय श्रोत, साधन, सीप र पुंजीको अधिकतम् परिचालन गरि गाउँपालिकाको आर्थिक, सामाजिक रुपान्तरण गर्ने नीति लिईनेछ ।

९५. सहकारिताको माध्यमबाट गरीबी न्यूनीकरण एवं सामाजिक पुंजी निर्माण गर्दै सहकारीलाई सक्षम बनाइ स्वरोजगार तथा रोजगारीका अवसर सिर्जना गरिनेछ ।

९६. गाउँपालिका क्षेत्र भित्र संचालनमा रहेका सहकारी संस्थाहरुको क्षमता विकास सँग सम्बन्धी कार्यक्रम संचालन गरिनेछ ।

९७. सहकारी संस्थाहरुको प्रभावकारिता अभिबृद्धि गर्न नियमित रुपमा अनुगमन नियमन कार्य गरिनेछ ।

९८. श्रम सहकारी गठन गरि प्रत्येक वडामा कम्तीमा ५० जनालाई नियमित रोजगारीको प्रत्याभूति गर्ने नीतिलाई तत्काल लागू गरि रोजगारीको अवसर सिर्जना गर्न पहल गरिनेछ ।

९९. रोजगारीका लागि सिपलाई प्रधानता दिई प्रतिस्पर्धी, बजारको माग अनुसार खपत हुन योग्य दक्ष जनशक्ति उत्पादनमा जोड दिईनेछ ।

१००. आर्थिक विकास र गरिबी निवारणका लागि सहकारी क्षेत्रलाई उद्यमशीलता, उत्पादन र रोजगारीसँग आवद्ध गर्ने नीति लिईनेछ ।

१०१. समान प्रकृति र उद्देश्यका सहकारीहरुलाई एकीकरण गरी दक्षतापूर्वक संचालन गर्ने नीति अख्तियार गरिनुका साथै सहकारीहरुको प्रभावकारी अनुगमन तथा नियमन गरी रुग्ण अवस्थामा रहेका सहकारीहरुलाई पुनः संचालनका लागि सहजीकरण एवं प्रोत्साहित गर्दै सोको नियमनका लागि एकीकरण, विघटन र खारेजीको नीति अबलम्बन गरिनेछ ।

१०२. सहकारी बोर्डको अवधारणा मार्फत् आर्थिक विकासको तीन खम्बे नीति अनुरुप संघ, प्रदेश र स्थानीय तहको आपसी समन्वय, सहयोग एवं सहकार्य तथा सहजीकरणमा सहकारीको नियमन र प्रवर्द्धनमा जोड दिने नीति लिईनेछ ।

१०३. मरिण गाउँपालिका अन्तर्गत सहकारीहरुको क्षमता विकास, सशक्तीकरण तथा प्रवर्द्धनका लागि आवश्यक पर्ने बजेटको व्यवस्था मिलाईनेछ ।

**<u>उद्यमशीलता विकासः</u>**

१०४. लघु, साना एवं मझौला उद्योगको स्थापना र विकास गर्न निजी तथा सहकारी क्षेत्रलाई प्रोत्साहित गर्ने नीति लिईनेछ ।

१०५. लघु उद्यम विकास कार्यक्रमको माध्यमबाट गरिबी न्यूनीकरण गर्न “एक घर एक लघु उद्यम” को नीति अवलम्बन गरिनेछ ।

१०६. गाउँपालिका भित्र उद्यम विकासको माध्यमबाट कृषि क्षेत्रमा रहेको अर्धवेरोजगारीको समस्यालाई हल गरिनेछ । सोको लागि गाउँपालिका भित्रका युवायुवतीको लागि विविध सीपमुलक एवं रोजगारमुलक तालिम सञ्चालन गरिनेछ ।

१०७. कृषिमा उद्यमशीलता आजको आवश्यकता भन्ने नाराका साथ कृषिको आधुनिकीकरण तथा औद्योगिकीकरणका लागि कृषक तथा उद्यमीहरुको क्षमता अभिवृद्धि गरिनेछ ।

१०८. लघु तथा घरेलु उद्योगहरु सञ्चालनमा सहजीकरण गरिनेछ ।

१०९. लघु उद्यमीलाई सहभागिता, क्षमता र उद्यमशीलताको आधारमा अनुदान दिने नीति लिईनेछ ।

११०. मरिण गाउँपालिकाको उद्यम विकास नीति अनुसार प्रत्येक वडामा उद्यमीहरुको क्षमता विकास गरिनेछ ।

१११. गाउँपालिका भित्र उत्पादित वन पैदावारबाट गाउँपालिका भित्र सञ्चालन हुने काष्ठ उद्योग तथा गाउँपालिकामा उपलब्ध कच्चा पदार्थको उपयोग गरी संचालन गर्ने उद्योगलाई विशेष प्राथमिकता दिने नीतिलाई निरन्तरता दिइनेछ ।

११२. उद्यमीहरुले उत्पादन गरेको उत्पादित वस्तु संकलन तथा बजारीकरणको लागि निर्मित साझा सुविधा केन्द्र/कोसेली घरको थप प्रभावकारी व्यवस्थापन मार्फत संचालन गर्न बीउ पुँजीको व्यवस्था मिलाईनेछ ।

११३. स्थानीय स्रोत साधनमा आधारित व्यवसायलाई प्रबर्द्धन गर्ने नीति अबलम्बन गरिनेछ ।

११४. लघु उद्यमीहरुलाई बैंकसँग समन्वय गराई सहुलियतपूर्ण कृषि कर्जा प्रवाहमा अझ प्रभावकारी रुपमा समन्वय गरि निरन्तरता दिइनेछ ।

११५. वैदेशिक रोजगारीमा पलायनलाई निरुत्साहित गर्न स्थानीय स्तरमा नै स्वरोजगारको मार्ग प्रशस्त गर्न एक वडा एक उत्पादन नीति कार्यान्वयनमा ल्याईनेछ ।

११६. अत्याधुनिक प्रविधिको प्रयोग गरी दुग्धजन्य पदार्थको विविधिकरण (दही, छुर्पी, पनिर, खुवा, घिउ, चिज लगायतका बस्तुको उत्पादन) मार्फत बजारीकरणमा

विशेष जोड दिइनुका साथै उत्पादनमा आधारित दुधमा प्रोत्साहन अनुदान कार्यक्रम कार्यान्वयनमा ल्याइनेछ ।

११७. उद्यमीले उत्पादन गरेको बस्तुको मूल्य निर्धारण गरी उत्पादक र उपभोक्ता दुबैको लागि न्यूनतम समर्थन मूल्य निर्धारण गर्ने नीति अबलम्बन गरिनेछ ।

११८. गरिबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रमको अपनत्व ग्रहण गर्दै सङ्घीय सरकार र मरिण गाउँपालिकाको लागत साझेदारीमा प्रभावकारी रुपमा कार्यक्रम सञ्चालन गरिनेछ ।

११९. उद्यमीहरुलाई प्रविधि तथा बीउ पुँजी हस्तान्तरण गर्दा उद्यमीको तर्फबाट २० प्रतिशत लागत सहभागिता अनिवार्य गरिनेछ ।

१२०. मरिण गाउँपालिका र बागमती प्रदेश सरकारको बीचमा भएको सम्झौता अनुसार गृहिणी महिला सशक्तीकरण कार्यक्रम अन्तर्गत वडा नं. ०५ स्थित बडिमुहानमा गार्मेन्ट उद्योग संचालनमा ल्याइएकोमा सोको निरन्तरताको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

१२१. मरिण गाउँपालिकाका सम्भावित वडाहरुमा गलैंचा उद्योग स्थापनाका लागि संभाव्यता अध्ययन गरी सोको कार्यान्वयन गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

## सामाजिक विकास सम्बन्धी नीतिः

### शिक्षाः

१२२. नेपालको संविधान, प्रचलित ऐन, नियमावली, सङ्घीय तथा प्रादेशिक नीति एवं मापदण्ड, शिक्षाको सोचपत्र, २०७९, मरिण गाउँपालिकाको १० बर्षे शिक्षा योजनालाई आधार लिई विद्यमान मरिण शिक्षा विकास नीति मुताविक मरिण गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा गुणस्तरीय शिक्षा सुनिश्चितताको लागि शैक्षिक गुणस्तर सुधार सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१२३. सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धिका प्रमुख पहरेदारहरु अभिभाव, विद्यार्थी, शिक्षक, प्रधानाध्यापक, शिक्षक अभिभाव संघ, विद्यालय व्यवस्थापन समिति, स्थानीय समाजसेवी वुद्धिजिवी, राजनीतिक दल एवं सहयोगी पहरेदारहरु स्थानीय सरकार, विभिन्न सहयोगी एवं साझेदारी संघ-संस्था लगायतका सरोकारवालाहरुको संचार, समन्वय र सहकार्यमा विद्यालय सुधारका विविध आयामहरु उपयुक्त समावेशी भौतिक संरचना, शैक्षक गतिविधिमा अब्बलताका साथ परिणाममुखी नतिजा हाँसिल गर्न सामुदायिक विद्यालयको खस्कदो शैक्षिक गुणस्तरलाई माथि उकास्न यस्ता तितो यथार्थलाई भ्रममा रुपान्तरण गर्दै हामी सबैको संयुक्त बलमा काम र नतिजाद्धारा जवाफ दिन “स्कुल हाम्रोः बनाऔं राम्रो” भन्ने अभियान संचालन गरिनेछ ।

१२४. मरिण गाउँपालिकामा अनिवार्य तथा निःशुल्क शिक्षा कार्यक्रम लागू भएको सन्दर्भमा उक्त कार्यक्रमको निरन्तरता एवं दिगोपनाका लागि ४ बर्ष उमेर समूह देखि १३ बर्ष उमेर समूहका बालबालिकाहरुलाई अनिवार्य रुपमा विद्यालयमा भर्ना गराई पठनपाठन गर्ने गराउने व्यवस्था मिलाइनेछ । ४८ महिना पूरा गरेका सबै बालबालिकालाई बालविकास केन्द्रमा भर्ना गराउने नीति बमोजिम गाउँपालिका तथा समुदायबाट स्थापना गरिएका बाल विकास केन्द्रहरुलाई गरिँदै आएको सहयोगलाई निरन्तरता दिइनेछ ।

१२५. शिक्षक विद्यार्थी अनुपातको आधारमा दरबन्दी मिलान एवं विद्यालय नक्साङ्कन कार्य गरिनेछ । तह तथा कक्षा घट्न गएका विद्यालयका बालबालिकाको अध्ययनमा निरन्तरताको लागि मरिण मा.वि. खयरशालमा सञ्चालित आवासीय विद्यालय छात्रबासमा बसेर अध्ययन गर्न प्रोत्साहित गरिनेछ भने बागमती प्रदेश सरकार, अन्य दातृ निकायसँग समेत समन्वय गरी कम्तीमा एउटा विद्यालय बसको प्रवन्ध मिलाईनेछ ।

१२६. गाउँपालिका भित्रका विद्यालयहरुको शिक्षण सिकाइ पद्धतिलाई थप गुणस्तर र प्राप्य बनाउन ICT मैत्री पाठ्यक्रममा आधारित बाल केन्द्रित शिक्षण सिकाइ कार्यलाई जोड दिइनेछ । विद्यालय शिक्षालाई प्रविधिमैत्री बनाई शिक्षण

सिकाइमा रहेको असमानता कम गर्न गुणस्तरीय शिक्षामा सबैको पहुँच अभिवृद्धि गर्न विद्यालयका प्रशासनिक कामकाजका साथै अन्य कार्यालयहरु सँग गरिने पत्र व्यवहारमा हस्तलिखित पत्रहरुको अन्त्य गरी कम्प्युटराइज पत्रको माध्यमबाट पत्राचार गर्ने गराउने प्रयोजनका लागि सुविधा नपुगेका सबै विद्यालयमा आधारभूत प्रकृतिका ICT सामग्री उपलब्ध गराइनेछ ।

१२७. गत विगतको निरन्तरताको रुपमा शैक्षिक सुधारको लागि विद्यालयहरुमा उपलब्ध गराउँदै आइएको शिक्षण सिकाइ सहयोग अनुदान तथा बालविकास शिक्षक र विद्यालय कर्मचारीलाई दिइँदै आएको थप प्रोत्साहन अनुदानलाई यथावत राखिएको छ ।

१२८. गत विगत आ.व. देखि माध्यमिक तह सम्मको शिक्षा क्रमशः निःशुल्क गराउने कार्यक्रम अन्तर्गत (कक्षा ९-१२ सम्म) विद्यार्थी सङ्ख्याको आधारमा विद्यालयलाई दिइँदै आएको अनुदानलाई निरन्तरता दिइनेछ । विद्यालयमा विद्यार्थीको उपस्थिति दर वृद्धि गराउने उद्देश्यले विद्यालयमा पठनपाठन भएको दिनको न्यूनतम ७५% हाजिर हुने विद्यार्थीको लागि मात्र अनुदान उपलब्ध गराउने विगतको नीतिलाई यथावत राखिनेछ ।

१२९. उच्च शिक्षामा प्राविधिक विषय अध्ययन गर्ने विद्यार्थीहरुलाई छात्रवृत्ति उपलब्ध गराउने व्यवस्था मिलाइनेछ । प्राविधिक विषय अध्यापन गराउन चाहने माध्यमिक विद्यालयलाई सहयोग गरिनेछ । समाजमा बेरोजगार अवस्थामा रहेका युवाहरुलाई पेशाप्रति उत्प्रेरित गराउन युवा सशक्तीकरणमा आधारित कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१३०. मरिण गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयमा अध्ययन गरी SEE मा उत्कृष्ट नतिजा हाँसिल गर्ने छात्रछात्रालाई पुरस्कृत तथा सम्मान गर्ने व्यवस्था मिलाइनेछ ।

१३१. गाउँपालिका भित्र सञ्चालित क्याम्पस तथा कलेजहरुलाई गुणस्तर सुधार तथा प्रविधि मैत्री शिक्षण सिकाइ व्यवस्थापन सम्बन्धी विभिन्न कार्यक्रम सञ्चालनको

लागि सहयोग उपलब्ध गराउने नीति लिइनेछ । मरिण बहुमुखी क्याम्पसमा पूर्णकालीन क्याम्पस प्रमुख व्यवस्थापनको लागि गत आ.व. देखि उपलब्ध गराउँदै आएको शिक्षण सिकाइ सहयोग अनुदानलाई यथावत राखिएको छ ।

१३२. उमेर, कक्षा र तह सुहाउँदो क्रियाकलाप मार्फत विद्यार्थीको सर्वाङ्गीण विकासको लागि शैक्षिक सत्र भरिमा कम्तीमा १ पटक माध्यमिक विद्यालयहरुले आ-आफ्नो विद्यालयमा माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरुबीच गणित र विज्ञान प्रदर्शनीको कार्यलाई अनिवार्य गरिनेछ । विद्यालय तह देखि नै बालबालिकाहरुलाई श्रमप्रति सम्मानको भाव जागृत गर्न र श्रम गर्ने बानीको विकासका लागि सबै माध्यमिक विद्यालयहरुमा विद्यार्थीहरुसँग करेसाबारी कार्यक्रम सञ्चालनार्थ आवश्यक बजेटको व्यवस्थापन मिलाईनेछ ।

१३३. माध्यमिक तहका सबै विषयगत शिक्षा समान अवसरमा सर्वसुलभ, सहज एवं सरल तरिकाले अध्यापन गर्न गराउन विद्यार्थीहरुको छनौटको अधिकारलाई स्थापित गर्दै सोको प्रत्याभूतिका लागि मरिण गाउँपालिकाको सम्भावित माध्यमिक विद्यालयमा १०+२ विज्ञान संकाय संचालनका लागि आवश्यक पहल गरिनेछ ।

१३४. शिक्षामा सबैको पहुँच स्थापना गरिने नीति अनुरुप मरिण गाउँपालिका स्थायी ठेगाना भई बालविकास देखि कक्षा १२ सम्म विभिन्न विद्यालय/क्याम्पसमा अध्ययनरत अनाथ तथा द्वन्दपीडित परिवारका बालबालिकाको अध्ययनमा निरन्तरताको लागि गत विगत वर्षहरु देखि दिइँदै आएको छात्रवृत्तिलाई निरन्तरता दिइनेछ ।

१३५. कक्षा छाड्ने दर घटाउने, टिकाउदर वृद्धि गर्ने र उच्च मनोवलका साथ पठनपाठन कार्यमा विद्यार्थीहरु संलग्न होऊन भन्ने उद्देश्य राखी गाउँपालिकाबाट स्थापना भएका विद्यालय तथा समुदायमा आधारित बालविकास केन्द्रहरुमा अध्ययनरत विद्यार्थीहरुका लागि प्रति विद्यार्थी प्रतिदिन रु.१५ का दरले दिवा

खाजा बापतको रकम अनुदान स्वरुप उपलब्ध गराउने व्यवस्थालाई निरन्तरता दिइनेछ ।

१३६. सरोकारवाला संघ-संस्थाहरु समेतको सहयोग लिई विद्यालय उमेर समूहका सबै बालबालिकाहरुलाई विद्यालयमा भित्र्याउन, विद्यालय छाड्ने दरलाई कम गर्न र विद्यार्थीहरुको नियमितता अभिवृद्धि गर्न अभिभावकहरुका लागि सामाजिक परिचालक मार्फत सचेतनामूलक तथा प्रवर्द्धनात्मक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१३७. आवश्यकता अनुसार विद्यालयमा पक्की भवन, छात्रामैत्री शौचालय, फर्निचर, खेलमैदान र घेरावेरा निर्माण एवं स्वच्छ खानेपानीको प्रवन्ध मिलाइनेछ । गैह्र सरकारी संघ-संस्था समेतको सहयोग लिई विद्यालयमा खानेपानी, सरसफाइ र स्वच्छता सम्बन्धी कार्यविधि, २०७४ को आधारमा विद्यालयको स्वःमूल्याङ्कन गरी तीन तारा पद्धतिलाई अपनाउन विद्यालयलाई प्रेरित गरिनेछ ।

१३८. सरोकारवाला संघ-संस्थाहरु समेतको सहयोगमा विद्यालयमा जोखिम न्यूनीकरण सम्बन्धी नमूना अभ्यास कार्यक्रम सञ्चालन गरिनेछ एवं सबै विद्यालयको विद्यालय सुधार योजना (SIP) मा वृहत् विद्यालय सुरक्षा योजना ढाँचालाई समाविष्ट गरिनेछ ।

१३९. सङ्घीय सरकारको सहयोग र समन्वयमा छात्राहरुलाई उपलब्ध गराइने स्यानिटरी प्याड समयमा नै वितरणको लागि उचित प्रवन्ध मिलाइनेछ ।

१४०. विभिन्न प्रकारको विपद् तथा सङ्क्रामक महामारीको अवस्था उत्पन्न हुँदाको अवस्थामा पनि रेडियो पाठशाला मार्फत शिक्षणको प्रबन्ध गरि विद्यार्थीको सिकाइ निरन्तरताको सुनिश्चितता गरिनेछ ।

१४१. शिक्षकलाई प्रशासनिक रुपमा प्रधानाध्यापकप्रति र सिकाइ उपलब्धिका लागि विद्यार्थी तथा अभिभावकप्रति उत्तरदायी हुने एवं वार्षिक कार्यसम्पादनमा उत्कृष्ट

हुने शिक्षक र सिकाइ उपलब्धिमा अब्बल विद्यार्थीलाई पुरस्कृत गरिने व्यवस्था मिलाइनेछ ।

१४२. महिला तथा बालबालिका शाखा तथा संघ-संस्थासँग समन्वय गरी अपाङ्गता भएका बालबालिकाको शिक्षामा पहुँच अभिवृद्धि सम्बन्धी विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ । शिक्षा तथा मानव स्रोत विकास केन्द्रसँगको समन्वयमा अपाङ्गताको पुष्टि भएका विद्यार्थीहरुलाई आवश्यक सिकाइ सहायता सामग्री उपलब्ध गराउन पहल गरिनेछ ।

१४३. सरोकारवाला संघ-संस्थाहरुको समेत सहयोग लिई आधारभूत तहमा अध्ययनरत बालबालिकाका लागि कक्षाकोठा सुधार, चित्रात्मक भित्ते लेखन, लैङ्गिक मैत्री बसाइ व्यवस्थापन, STEAM अवधारणामा आधारित शिक्षण सिकाइलाई निरन्तरता दिइनेछ ।

१४४. सामुदायिक सिकाइ केन्द्रलाई व्यवस्थित र उद्देश्यमुखी बनाइनेछ । सो केन्द्रबाट औपचारिक, अनौपचारिक तथा जीवन अनुभवबाट सिकेका सिप र ज्ञान योग्यताको वर्गीकरण तथा परीक्षण गरी प्रमाणीकरण गर्ने पद्धतिको विकास गरिनेछ ।

१४५. सघन तथा प्रभावकारी अनुगमन, सुपरीवेक्षण मार्फत् विद्यालयमा सुशासन तथा जवाफदेहिता अभिवृद्धि गर्न विद्यालय अनुगमन कार्यलाई तीब्रता दिइनेछ ।

१४६. आधारभूत तह शिक्षा उत्तीर्ण परीक्षा लगायत विद्यालयबाट सञ्चालन गरिने सबै परीक्षा प्रणाली सुदृढ गर्दै लैजाने नीति लिइनेछ ।

१४७. गाउँपालिकामा सूचीकृत विज्ञहरुबाट करार शिक्षक कर्मचारी नियुक्तिको लागि लिइने परीक्षाको लागि लाग्ने खर्च व्यवस्थापन गाउँपालिकाबाट नै गरिनेछ ।

१४८. मातृभाषाको प्रवर्द्धन एवं भाषिक कला संरक्षणको नीति लागू गरिनेछ । शिक्षण सिकाइमा सहजताको लागि मातृभाषामा शिक्षक तालिम, पाठ्यपुस्तक विकास लगायत क्षमता विकास सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिनेछ । बहुभाषी

कक्षाकोठामा मातृभाषामा आधारित बहुभाषी शिक्षण पद्धति लागू गर्न विद्यालयहरुलाई अभिप्रेरित गरिनेछ । गाउँपालिकामा कक्षा-२ सम्म हाल कार्यान्वयनमा ल्याइएको तामाङ भाषा शिक्षण पद्धतिलाई आगामी शैक्षिक सत्रबाट कक्षा-३ सम्म लागू गरिनेछ ।

१४९. गाउँपालिका भरिका विद्यालयहरुमा विद्यालय सञ्चालन, शिक्षण सिकाइ तथा परीक्षा प्रणालीमा एकरुपता कायम गर्न शैक्षिक क्यालेण्डर निर्माण गरी कार्यान्वयनमा ल्याईनेछ ।

१५०. SEE उत्तीर्ण गरि सोही शैक्षिक सत्रमा कक्षा ११ मा अध्ययन गर्ने छात्राहरुलाई उच्च अध्ययनको लागि प्रोत्साहित गर्ने उद्देश्यले उपलब्ध गराउँदै आएको साइकल १०+२ संचालित दुईवटा माध्यमिक विद्यालयहरु कपिलाकोट मा.वि. छाप र मा.वि. मरिण खयरशालमा १/१ वटा स्कुल बसको व्यवस्थापन गरिएको हुँदा हाललाई उक्त साइकल वितरणको कार्य स्थगन गर्ने नीति अबलम्बन गरिनेछ ।

१५१. पालिका भित्र नमूना विद्यालय छनौट गरि निश्चित अवधि भित्र पूर्वाधार पूरा गर्न विद्यालय तथा संघ-संस्था सँग सहकार्य गरिनेछ ।

१५२. विद्यार्थीहरुमा नैतिक आचरण र संस्कारको विकासको लागि प्रत्येक विद्यालयमा बालक्लव, छात्रा सञ्जाल र स्काउट समूह गठन गरी सो अनुरुप कार्यक्रम सञ्चालन गर्न विद्यालयलाई अभिप्रेरित गरिनेछ ।

१५३. वडामा रहेका विद्यालयहरुको समग्र व्यवस्थापनमा वडा समितिलाई जिम्मेवार र जवाफदेही बनाउन आवश्यक कानुन तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

१५४. गैरसरकारी संघ-संस्था समेतको सहयोग लिई बालविकास शिक्षक, विद्यालय सहायक कर्मचारी एवं शिक्षकको पेशागत क्षमता विकासका लागि मागमा आधारित विभिन्न प्रकारका तालिम सञ्चालन गरिनेछ ।

१५५. गैरसरकारी संघ-संस्था समेतको सहयोग लिई अध्ययनमा पछाडि परेका विद्यार्थीहरुलाई रिमेडियल सपोर्ट गर्न सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना (ReAL Plan) कार्यान्वयनमा ल्याइनेछ ।

१५६. विद्यालयमा कार्यरत शिक्षक, कर्मचारी र विद्यार्थीहरुको लागि व्यावसायिक आचारसंहिता लागू गरिनेछ ।

१५७. स्नातकोत्तर तह वा सो भन्दा बढी योग्यता हाँसिल गर्ने मरिणबासी नागरिकलाई प्रोत्साहन स्वरुप सम्मान कार्यक्रम गरिनेछ ।

१५८. गाउँपालिकाका जनप्रतिनिधि, कर्मचारी, शिक्षक तथा सरकारी कोषबाट सेवा सुविधा उपभोग गर्ने गाउँपालिकाको सरहद भित्र बस्ने घरपरिवारले आफ्ना बालबालिकाहरुलाई शैक्षिक सत्र २०८१ देखि अनिवार्य रुपमा सामुदायिक विद्यालयमा पढाउन अवलम्बन गरिएको नीति कार्यान्वयनको सन्दर्भमा सम्मानित अदालतमा मुद्दा विचाराधीन रहेको हुँदा सम्मानित अदालतको फैसला बमोजिम हुने गरी कार्यान्वयन गर्ने नीति अंगिकार गरिनेछ । साथै सामुदायिक विद्यालयको शैक्षिक सुधार र गुणस्तरको प्रत्याभूति दिलाई आम नागरिकलाई समेत सामुदायिक विद्यालयको शिक्षाको गुणस्तरप्रति विश्वास, आकर्षण एवं भरोसा दिलाईनेछ ।

१५९. व्यावसायिक आचारसंहिता निर्माण, बालकेन्द्रित र प्रविधिमैत्री पठनपाठन, अधिकार, कर्तव्यको विषयमा बोध गराई शिक्षकका वैयक्तिक गुण, सामाजिक गुण र पेशागत गुणलाई अभिवृद्धि गर्दै पेशागत मर्यादा, बदलिंदो परिवेशलाई आत्ससात् गर्दै समय सापेक्ष व्यापक छलफल गरि विद्यालय तहको शैक्षिक सुधार र गुणस्तरको प्रत्याभूतिका लागि शिक्षक तथा कर्मचारी एवं सरोकारवालाहरुको बुझाईमा एकरुपता कायम गरि अगाडि बढ्न तथा समग्र विद्यालयको बहुआयामिक पक्षहरुबीचमा समन्वय र सामञ्जस्यता कायम गर्न मरिण

गाउँपालिका अन्तर्गतका विद्यालयमा कार्यरत सम्पूर्ण शिक्षक, विद्यार्थी तथा कर्मचारीहरुको आम भेला गरि शिक्षा सम्मेलन गरिनेछ ।

१६०. जीवनोपयोगी शिक्षालाई महत्व दिई व्यवहारिक ज्ञान प्रदान गर्नका लागि आवश्यक आधार तयार गर्ने नीति अबलम्बन गरिनेछ । साथै सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई महिनाको एक पटक व्यावहारिक ज्ञान दिने उद्देश्यले स्रोत साधनको उपलब्धताको आधारमा प्रदर्शनी गरि व्यवहारिक ज्ञानप्रति साक्षात्कार गराईनेछ ।

१६१. आधारभूत तहमा गुणस्तरीय शिक्षामा पहुँच वृद्धि गर्न दलित, अल्पसङ्ख्यक र आर्थिक रूपले विपन्न तथा अपाङ्गता भएका बालबालिकाका लागि विशेष कार्यक्रम सञ्चालन गर्न पहल गरिनेछ ।

१६२. गाउँपालिका अध्यक्ष शैक्षिक सुधार कार्यक्रमलाई निरन्तरता दिइनेछ । गाउँपालिकाका सामुदायिक विद्यालयहरूलाई शैक्षिक नतिजाका आधारमा अनुदान दिने व्यवस्था मिलाइनेछ ।

१६३. विद्यार्थीहरूलाई आफ्ना रुचि अनुसारका विभिन्न क्रियाकलापहरूमा सहभागी हुने अवसर प्रदान गर्ने जस्तै गाना, नाँच, कला, कार्यशाला, कम्प्युटर प्रशिक्षण, खेलकुद, लेखन प्रतियोगिता जस्ता अतिरिक्त क्रियाकलापहरूमा सहभागी गराउन एवं विद्यार्थीहरूलाई किताबी ज्ञान बाहेकका आफ्ना रुचि अनुसारका व्यक्तित्व विकास गर्ने अवसर प्रदान गर्ने नीति लिईनेछ ।

१६४. सामुदायिक विद्यालयका प्र.अ.हरुलाई विद्यालयको काम काज भन्दा बाहेक Working Hour मा अनिवार्य रुपमा विद्यालयमा उपस्थित हुनु पर्ने व्यवस्थालाई कडाईका साथ नियमन गरिनेछ ।

१६५. सामुदायिक विद्यालयको अनुगमन तथा निरीक्षणलाई प्रभावकारी बनाउन जनप्रतिनिधि, स्थानीय राजनीतिक दलका प्रतिनिधि, समाजसेवी, बुद्धिजिवी लगायतका

रोहबरमा एउटा संयन्त्र बनाई शिक्षा शाखाले सोको समन्वयमा गर्ने व्यवस्था मिलाईनेछ ।

१६६. प्रदेश सरकारको समन्वय एवं सहयोगमा एक विद्यालय एक नर्स कार्यक्रमको प्रभावकारी कार्यान्वयन गरिनेछ ।

**युवा तथा खेलकुदः**

१६७. युवाका आधारभूत अधिकारहरुको सुनिश्चित गर्दै युवाका सवाल एवं मुद्दाहरुलाई स्थानीयकरण गरी शासन प्रणालीमा अर्थपूर्ण सहभागिता मार्फत युवाको सर्वाङ्गीण विकासका लागि युवामैत्री स्थानीय तहको रुपमा विकास गर्न एवं मरिणको समृद्धि र विकासको मूल प्रवाहमा युवाहरुलाई समेट्ने उद्देश्यले "मरिण सरकारसँग युवा" कार्यक्रम कार्यान्वयनमा ल्याईनेछ ।

१६८. युवा क्लबको व्यवस्थापन, परिचालन, र क्षमता विकास सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१६९. युवाहरुलाई खेलकुदप्रति आकर्षित गराई विविध अवसर प्रदान गर्न खेलकुद प्रतियोगिता सञ्चालन गरिनेछ । अध्यक्षकप, राष्ट्रपति रनिङ शिल्ड खेलकुद प्रतियोगिता सञ्चालन तथा व्यवस्थापनलाई निरन्तरता दिइनेछ ।

१७०. युवाको प्रतिभा पहिचानका लागि प्रतियोगितात्मक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१७१. विषयगत खेलकुद पूर्वाधार निर्माण र सोको लागि चाहिने सामग्रीको व्यवस्थापनमा जोड दिइनेछ ।

१७२. गाउँपालिका क्षेत्रमा खेल मैदानको समुचित व्यवस्था मिलाइ वडामा रहेका खेल मैदानहरुको स्तरोन्नति गर्दै लगिनेछ । वडा नं. ०४ को साहानमा निर्माणाधीन रंगशाला र वडा नं. ०६ मा रहेको कवर्ड हललाई अझ व्यवस्थित र सोतसाधन सम्पन्न बनाइनेछ ।

१७३. गाउँपालिका भित्र उपयुक्त स्थानमा व्यायामशालाको स्थापना गर्न पहल गरिनेछ ।

१७४. फुटबल, भलिबल र एथलेटिक्स लगायतका खेलकुदलाई जिल्ला, प्रदेश र राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने वातावरण निर्माणका लागि आवश्यक बजेटको व्यवस्था सहित पहल गरिनेछ ।

१७५. गाउँपालिका तथा वडा स्तरीय खेलकुद विकास समितिको कार्यालय लगायत गाउँपालिका क्षेत्रभित्रका अन्य क्लबहरुको सञ्चालन एवं व्यवस्थापनमा जोड दिइनेछ ।

१७६. खेलकुदको पहिचान, संरक्षण, प्रवर्द्धन र व्यावसायीकरणका लागि खेल प्रशिक्षकको व्यवस्था गरी उचित तालिमको माध्यमबाट व्यावसायिक खेलाडी उत्पादन गर्ने तथा उत्कृष्ट खेलाडीहरुलाई सम्मान गर्ने नीति लिइनेछ ।

१७७. गाउँपालिकाको खेलकुदको समग्र विकासका लागि आवश्यक स्रोत साधन व्यवस्थापनका लागि पहल गरिनेछ ।

१७८. "एक वडा एक खेल मैदान" निर्माणको नीति तथा कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१७९. खेलकुदलाई पहिचान, गौरव र प्रतिष्ठा बढाउने माध्यमको रूपमा विकास गर्दै खेलकुद प्रतियोगितामा पदक हासिल गर्ने खेलाडीहरूलाई प्रोत्साहन एवं पुरस्कृत गर्ने व्यवस्था मिलाइनेछ ।

**स्वास्थ्यः**

१८०. सङ्घ तथा प्रदेश सरकार सँग समन्वय गरि गाउँपालिका भित्रका सबै स्वास्थ्य संस्थाहरुमा सेवा क्षेत्रको आधारमा औषधि, आधुनिक उपकरण, प्रविधि र दक्ष जनशक्तिको व्यबस्थापन गरि आम नागरिकलाई गुणस्तरीय, सर्वसुलभ, प्रभावकारी

र जवाफदेही ढंगले आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराउन व्यवस्था मिलाईनेछ ।

१८१. गाउँपालिका अन्तर्गतको प्राथमिक स्वास्थ्य केन्द्रलाई १५ शैयाको आधारभूत अस्पतालको रुपमा अगाडि बढाउने नीति लिई २४ सै घण्टा आधारभूत, आकस्मिक सेवा थप सुलभ र प्रभावकारी बनाई कार्यान्वयनमा निरन्तरता दिईनेछ ।

१८२. सङ्घीय सरकार, प्रदेश सरकार तथा विभिन्न संघ-संस्थाहरुको समन्वयमा एवं सहकार्यमा एच.आई.भी. एड्स सँग सम्बन्धित सचेतनामूलक कार्यक्रम, पहिचान, उपचार र न्यूनीकरणका लागि आवश्यक पहलकदमी गरिनेछ ।

१८३. गाउँपालिका मातहतका बर्थिङ सेन्टरहरुलाई भौतिक श्रोत साधनयुक्त वनाई आवश्यक स्वास्थ्यकर्मीहरुको व्यवस्थापन गरिनेछ । भौगोलिक विकटता र जनसंख्याको आधारमा बर्थिङ सेन्टर थप गरिनुका साथै वडा नं. ०१ मा अवस्थित कार्तिके स्वास्थ्य इकाइको स्तरोन्नति गरि बर्थिङ सेन्टर निर्माण एवं संचालन गरिनेछ ।

१८४. निःशुल्क वितरण हुने औषधिहरुलाई सबै स्वास्थ्य संस्थाहरुबाट १२ महिना नै सर्वसुलभ ढंगबाट उपलब्ध हुने व्यवस्था मिलाईनेछ ।

१८५. ६० देखि ७० बर्षका ज्येष्ठ नागरिक, अपाङ्ग, असहाय, द्धन्द्व पीडित व्यक्तिहरु एवं गर्भवती महिलालाई प्रदान गरिएको निःशुल्क वीमा सुविधालाई निरन्तरता दिईनेछ ।

१८६. खोप केन्द्र, गाउँघर क्लिनिकहरु सञ्चालनको विद्यमान भौगोलिक अवस्थितिलाई मध्यनजर गर्दै उपयुक्त र अनुकुल स्थानहरुमा खोप केन्द्र निर्माण एवं गाउँघर क्लिनिक संचालनार्थ आवश्यक स्रोत साधनको व्यवस्था मिलाईनेछ ।

१८७. मातृ तथा शिशु स्वास्थ्य सुधारका कार्यक्रमहरुलाई निरन्तरता दिई थप प्रभावकारी बनाउँदै लगिनेछ ।

१८८. लैङ्गिक समानताको लागि छोरी जन्माउने सुत्केरीहरुलाई दिईने प्रोत्साहन रकमलाई निरन्तरता दिईनेछ ।

१८९. स्थानीय स्तरमा कार्यरत स्वास्थ्य स्वयंसेविकाहरुलाई भूमिकाको आधारमा प्रोत्साहन गरिने नीतिलाई निरन्तरता दिईनेछ ।

१९०. अवैधानिक रुपमा सञ्चालित स्वास्थ्य क्लिनिकहरु तथा औषधि पसलहरुको नियमन गरिनेछ ।

१९१. सामुदायिक स्वास्थ्य इकाई तथा वडा स्तरका स्वास्थ्य चौकीहरुको भौतिक संरचनाहरुको व्यवस्थापन गर्दै लगिनेछ ।

१९२. बर्थिङ सेन्टरहरुमा सेवाग्राहीका भिजिटर र नर्सिङ कर्मचारीहरुको लागि आवासीय सेवा उपलब्ध गराउने नीति लिईनेछ ।

१९३. स्वास्थ्य संस्थामा स्वास्थ्यकर्मीको रिक्त दरबन्दी पदपूर्ति गरि निरन्तर रुपमा क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

१९४. जिल्लाकै दोस्रो सेवाग्राहीको चाप रहेको प्राथमिक स्वास्थ्य केन्द्र कपिलाकोटमा अत्याधुनिक डिजिटल एक्सरे मेसिन व्यवस्थापन गरिनेछ ।

१९५. सर्ने तथा नसर्ने रोगहरुको बारेमा प्रवर्द्धनात्मक, निरोधात्मक र उचारात्मक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१९६. प्राथमिक स्वास्थ्य केन्द्र कपिलाकोटलाई १५ शैयाको अस्पतालको रुपमा स्तरोन्नति गर्ने प्रयोजनार्थ पूर्वाधार निर्माण गर्न ठेक्का सम्झौता भइ कार्य अगाडि बढाईएकोमा आवश्यक बजेट व्यवस्थापनका लागि सम्बन्धित मन्त्रालयमा पहल एवं यथाशीघ्र निर्माण कार्य सम्पन्न गरि प्रसूति सम्बन्धी शल्यक्रियाको व्यवस्थापकीय शुरुवात गरिनेछ ।

१९७. ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरुलाई सहज स्वास्थ्य उपचार सेवालाई प्राथमिकतामा राखिनेछ ।

१९८. हाल सञ्चानलमा रहेका एम्बुलेन्स सेवालाई नागरिकमैत्री बनाई अझ प्रभावकारी रुपमा संचालन गर्न आधारभूत स्वास्थ्य सेवा सुविधा सहितको एम्बुलेन्स संचालनमा ल्याईनेछ ।

१९९. हावापानी, वातावरण, मौसम एवं अन्य विविध कारणहरुले देखा पर्ने विभिन्न प्रकारका माहामारी रोगहरुलाई नियन्त्रण तथा रोकथाम गर्न आवश्यक पर्ने कार्यक्रमहरु संचालन गरिनेछ ।

२००. मरिण गाउँपालिका क्षेत्रभित्रका गर्भवती महिलाहरुको लागि सुत्केरी हुँदाका बखत निःशुल्क एम्बुलेन्स सेवा प्रदान गर्ने कार्यक्रमलाई अझ बढोत्तरी गर्दै निरन्तरता दिईनेछ।

२०१. पोस्टमार्टम सेवा निःशुल्क गर्ने व्यवस्थालाई निरन्तरता दिईनेछ ।

२०२. सामाजिक संरचना, परिवेश एवं आन्तरिक तथा बाह्य प्रभावले गर्दा मानव समुदायमा देखा परेको हतास मनस्थिति लगायतका विभिन्न कारण मानसिक रोगको उपजले गर्दा आत्महत्या, धुम्रपान, मद्यपान, लागूपदार्थ दुर्व्यसनीले पछिल्लो समयमा व्यक्ति, परिवार र सामाजमा समेत नकरात्मक असर परेको हुँदा सोको न्यूनीकरणका लागि विभिन्न सरोकारवाला संघ-संस्थाहरुको सँगको साझेदारीमा मनोसामाजिक परामर्शकर्ता र आवश्यकतानुसार गाउँपालिकाका स्वास्थ्यकर्मीहरुलाई समेत सो सँग सम्बन्धित क्षमता विकास तालिम प्रदान गर्दै नियमित उपचार एवं परामर्श सेवाको व्यवस्था मिलाईनेछ ।

२०३. क्षयरोग तथा कुष्ठरोग जस्ता रोगहरुको समयमै पहिचान, उपचार, रोकथाम एवं नियन्त्रणका कार्यक्रमहरु संचालन गरिनेछ । साथै क्षयरोग मुक्त गाउँपालिका घोषणाका लागि थप कार्यक्रमहरु संचालनमा ल्याईनेछ ।

२०४. डेङ्गी, औलो, कालाजार जस्ता बिभिन्न किटजन्य रोगहरु नियन्त्रण तथा रोकथामका लागि आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ ।

२०५. नेपाल सरकारको नीति अनुसार जनसंख्या नियन्त्रण तथा सन्तुलनका लागि लामो अवधि तथा छोटो अवधिका स्वेच्छिक परिवार नियोजन सेवाका कार्यक्रमहरु निरन्तर संचालन गरिनेछ ।

२०६. सबै स्वास्थ्य संस्थाहरुलाई बाल मैत्री, अपांगता मैत्री, किशोर-किशोरी मैत्री बनाई सर्वसुलभ ढंगले सेवा लिने वातावरण बनाउँदै लगिनेछ ।

२०७. समुदायमा रहेका प्रजनन् रुग्णता सम्बन्धी समस्यालाई समयमै पहिचान र उपचारको लागि समुदायहरुमा पाठेघरको स्क्रिनिङ, स्तन क्यान्सरको स्क्रिनिङ जस्ता कार्यक्रमहरु संचालन गरिनेछ ।

२०८. स्वास्थ्य संस्थाहरुलाई सूचना प्रविधि मैत्री बनाई तथ्यांकहरुलाई समयमै केन्द्रीय सूचनामा प्रविष्टि हुने प्रबन्ध मिलाईएकोमा सोलाई निरन्तरता दिईनेछ ।

२०९. प्राथमिक स्वास्थ्य केन्द्र कपिलाकोटमा आँखा, दाँत लगायतका विभिन्न स्वास्थ्य सेवाहरु संचालनका लागि विशेष पहलकदमी गरिनेछ ।

२१०. स्त्रीरोग, मुटुरोग, मृगौला रोग, आँखा लगायतका सबै प्रकारको विशेषज्ञ सेवा प्रदानका लागि विभिन्न संघ-संस्थाहरुको समन्वय र सहकार्यमा स्वास्थ्य शिविर संचालनमा पहलकदमी गरिनेछ ।

२११. शवको उचित तवरले व्यवस्थापन गर्न एक स्थानबाट अर्को स्थान सम्म लैजाने प्रयोजनका लागि शव बाहनको व्यवस्था गर्ने नीति लिईनेछ ।

२१२. बालबालिकाहरुको स्वास्थ्य संवेदनशीलतालाई मध्यनजर गर्दै पूर्णखोप घोषणाको सुनिश्चितता एवं दिगोपनका लागि संचालित कार्यक्रमहरुलाई निरन्तरता दिईनेछ ।

२१३. मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गराइरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका विरामीहरुलाई औषधि उपचार खर्च बापत मासिक रु. ५ हजारका दरले रकम उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।

२१४. मरिण गाउँपालिकाको नागरिकहरुको स्वास्थ्यमा सुदृढ एवं थप पहुँच स्थापित गर्दै विशेषज्ञता सहितको आधारभूत तहको स्वास्थ्योपचार सरल, सर्वसुलभ तवरले प्राप्तिका लागि प्रचलित कानून एवं मापदण्ड अनुसार स्वास्थ्य क्षेत्रमा निजी क्षेत्रलाई आकर्षित तथा सहजीकरण गर्ने नीति अबलम्बन गरिनेछ ।

२१५. प्रत्येक वडामा नागरिक आरोग्य केन्द्र स्थापनाको सुरुवात गरिनेछ ।

२१६. जडिबुटी खेतीको लागि आम किसान वर्गलाई उत्प्रेरित गरिनेछ ।

२१७. आयुर्वेद औषधालयलाई आधुनिकीकरण एवं थप सुदृढीकरण गरि आयुर्वेद सेवा प्रवाह प्रभावकारी वनाईनेछ ।

२१८. आवश्यकता, औचित्यताको आधारमा आयुर्वेद एवं आयुर्वेद सेवालाई प्रवर्द्धन गर्दै लगिनेछ ।

२१९. वडा नं. ०६ छाप बजार स्थित निर्माणाधीन आयुर्वेद औषधालयलाई आ.व. ०८१।८२ मा सम्पन्न गरि नागरिक आरोग्य सेवा केन्द्रमा स्तरोन्नति गरिनेछ ।

२२०. समुदायमा जीवनशैली परिवर्तन कार्यक्रम संचालन गरि आयुर्वेद औषधि सेवनको लागि प्रोत्साहन गर्ने नीति लिइनेछ ।

२२१. स्थानीय जडिबुटीको संरक्षण, सम्वर्द्धन र प्रयोग सम्बन्धी जनचेतना वढाउने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

२२२. ध्यान तथा योगाभ्यास कार्यक्रम संचालनका लागि आवश्यक प्रवन्ध मिलाईनेछ ।

**<u>बहुक्षेत्रीय पोषणः</u>**

२२३. पालिका स्तरीय पोषण प्रोफाईल तयार गरी पोषणमैत्री सूचकमा आधारित रहेर पोषण संवेदनशील कार्यक्रमहरु संचालन गर्ने नीति लिईनेछ ।

२२४. पोषणमैत्री स्थानीय शासनको प्रवर्द्धन एवं सोको कार्यान्वयन गर्न सम्बन्धित विषयगत क्षेत्रका कार्यक्रमहरुलाई पोषण संवेदनशील कार्यक्रममा एकाकार गरी कार्यान्वयन गर्ने नीति लिईनेछ ।

२२५. गर्भवती महिलाहरु तथा विद्यालय बाहिर रहेका किशोरीहरुको खाद्य सुरक्षा र पोषणको अवस्थामा सुधार ल्याउन आयआर्जन सम्बन्धी कार्यक्रम संचालनमा ल्याइनेछ ।

२२६. सुनौलो हजार दिनका घरपरिवारलाई स्वच्छ र सफा खानेपानीको सुनिश्चित गर्न बिशेष पहल गरिनेछ ।

२२७. सङ्घीय सरकार एवं प्रदेश सरकारका बहुक्षेत्रीय पोषण कार्यक्रमलाई अपनत्व ग्रहण गर्दै आवश्यकता अनुसार गाउँपालिकाबाट समेत स्रोत, साधन र बजेटको व्यवस्थापन गरि पोषणमैत्री गाउँपालिका घोषणाका लागि आवश्यक कार्यक्रमहरु संचालनमा ल्याईनेछ । साथै सबै स्वास्थ्य संस्थाहरुलाई पोषणमैत्री स्वास्थ्य संस्था घोषणा गर्न पोषण विशेष कार्यक्रम संचालनमा ल्याईनेछ ।

२२८. सुनौलो हजार दिनको घरपरिवारमा **"एक घर एक करेसाबारी एक घर एक कौसी खेती"** एवं **"एक घर एक पोषण बगैंचा निर्माण"** गर्ने नीति अख्तियार गरि बहुक्षेत्रीय पोषणका आयामहरुमा थप सुदृढीकरण गर्दै पोषण विशेष कार्यक्रम सञ्चालन गरिनेछ । साथै सुनौलो हजार दिनको घरपरिवारमा खाद्य बालीको पहुँच अभिवृद्धि गरि खाद्यान्नमा आत्मनिर्भर बनाईनेछ ।

२२९. सुनौलो हजार दिनको घरपरिवारमा गोठेमलको संरक्षण गर्ने कम्पोष्ट र भर्मी कम्पोष्ट मल बनाउने सीप तथा प्रबिधि सम्बन्धी सचेतना कार्यक्रम संचालन गरिनेछ ।

२३०. कुपोषित बालबालिकाहरुको उपचार, विशेष कारणवश आमाको दुध खान नपाएका नवजात शिशुलाई पोसिलो दुध पिठो, नियमित गर्भ जाँच गराउने गर्भवती महिलालाई शुद्ध खानेपानीको व्यवस्था, किशोरी/गर्भवतीहरुलाई आइरन फोलिक एसिड चक्की वितरण, पोषण शिक्षा मार्फत जीविकोपार्जनको लागि सीप विकास लगायतको कार्य गर्न पोषण संवेदनशील कार्यक्रमको संचालन एवं सोको प्रभावकारी कार्यान्वयन गरिनेछ ।

२३१. पोषण सुधारको लागि विपन्न समुदायका महिला समूह वा सहकारीहरुलाई विपन्न सदस्यहरुको आयआर्जन सुधारका लागि अनुदान प्रदान गरिनेछ ।

**<u>लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणः</u>**

२३२. लैङ्गिक समानता र महिला सशक्तीकरणको नीतिलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ । नीति निर्माण तहमा महिलाको अर्थपूर्ण सहभागिता र प्रतिनिधित्वलाई सुनिश्चित गर्दै नेतृत्व विकासमा जोड दिइनेछ । शिक्षा, स्वास्थ्य, रोजगारी, गरिबी निवारण, जीविकोपार्जन सुधार, सामाजिक सुरक्षा, पूर्वाधारमा पहुँच लगायतका विषयमा महिला लक्षित कार्यक्रम सञ्चालन गरिनेछ ।

२३३. गरिब तथा विपन्न, दलित, आदिवासी जनजाति, एकल तथा अपाङ्गता भएका महिला, हिंसापीडित, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, एचआइभी सङ्क्रमित र वञ्चितिमा परेका सबै समुदायका महिला तथा किशोरीको आय आर्जन, क्षमता विकास तथा सशक्तीकरण गर्ने गरि आर्थिक सामाजिक विकासका कार्यक्रम सञ्चालन गरिनेछ ।

२३४. गाउँपालिकाको महिला, बालबालिका, आदिबासी जनजाति, विपन्न बर्ग, ज्येष्ठ नागरिक, दलित र अपांगता भएका ब्यक्तिहरुको क्षमता विकास तथा आर्थिक-सामाजिक सशक्तीकरणका कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

२३५. लक्षित बर्गको कार्यक्रम सञ्चालन गर्दा क्षमता विकास, सीप विकास, नेतृत्व विकास, प्रविधि हस्तान्तरण, सचेतना तथा संस्कृति संरक्षण र प्रवर्द्धन जस्ता कार्यक्रम समाबेशी ढंगले सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

२३६. गाउँपालिकाको निर्णय प्रक्रियामा लक्षित बर्गको अर्थपूर्ण सहभागिता सुनिश्चितता गरिनेछ ।

२३७. असहाय महिला, वेवारिसे वालवालिका, तथा अपांगता भएका ब्यक्तिहरुको संरक्षणको लागि सेफ हाउस संचालन गर्ने नीति अख्तियार गर्दै जिल्लामा सञ्चालित सेफ हाउसको व्यवस्थापनका लागि आवश्यक सहयोग गरिनेछ ।

२३८. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीतिलाई व्यवहारत: कार्यान्वयन गर्न आदिबासी जनजाति, महिला, वालवालिका तथा अपाङ्गता एवं दलित विकास परिषद् गठन गरि कार्यान्वयनमा ल्याईनेछ ।

२३९. आदिवासी जनजातिको मौलिक संस्कृति सङ्ग्रहालय निर्माण गर्न सम्भाव्यता अध्ययन गरि कार्यान्वयनमा ल्याईनेछ ।

२४०. ज्येष्ठ नागरिक, अपाङ्गता, एकल महिला, एकल पुरुष लगायतका सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको सामाजिक सुरक्षा भत्ता वडा एवं वडा अन्तर्गतका टोल-टोलमा गई बैंकिङ्ग प्रणाली मार्फत् वितरण गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

२४१. परिवर्तनको खातिर विभिन्न आन्दोलनमा जीवन उत्सर्ग गर्ने महान् सहिद परिवारलाई यस मरिण सरकारको कार्यकालमा सम्मान स्वरुप एक लाख नगद दिने व्यवस्थालाई निरन्तरता दिईनेछ ।

२४२. पूर्व जनमुक्ति सेना तथा जनयुद्धका घाइते तथा अपाङ्गता भएका व्यक्तिहरुले परिवर्तनका खातिर गरेको अमूल्य योगदानको कदर गर्दै स्वास्थ्य वीमा कार्यक्रम आवद्ध गरि विशेष सम्मान गरिनेछ ।

२४३. आजको यस प्रकारको परिवर्तनका खातिर आफ्नो जीउ ज्यानको बाजी राखी महान् दश बर्षे जनयुद्धमा प्रत्यक्ष रुपमा सहभागी मरिण गाउँपालिकाका महासमरका यात्रीहरुको सम्मान स्वरुप आत्मकथा झल्कने वृत्त चित्र निर्माण गरिनेछ ।

२४४. परिवर्तनको खातिर विभिन्न आन्दोलनमा आफ्नो जीवनको आहुती दिने महान् सहिदहरुको सम्मानमा सहिदहरुको प्रतिमा निर्माण गरी व्यवस्थित सहिद पार्क स्थापना गर्न पहल गरिनुका साथै सहिद विशाल कुमार स्मृति प्रतिष्ठान शान्ति पार्क निर्माणको कार्य अगाडि बढाइनेछ ।

२४५. सहिद तथा वेपत्ता परिवारजनलाई परिवर्तनप्रति सकारात्मक भाव पैदा गराई अपनत्व ग्रहण गराउन एवं सरकार साथमा छ भन्ने कुराको आभाष दिलाउन सहिद तथा वेपत्ता परिवारलाई मासिक रु.२ हजारका दरले जीवन निर्वाह भत्ता उपलब्ध गराइनेछ ।

२४६. मरिणका नागरिकलाई सामाजिक न्याय, सामाजिक सुरक्षा तथा सामाजिक संरक्षणको आभास दिलाउन गाउँपालिका अन्तर्गतका एकल पुरुषलाई मसिक रु. २ हजारका दरले निर्बाह भत्ता उपलब्ध गराउने कार्यको सुरुवात गरिएकोमा उक्त कार्यक्रमलाई अझ सुदृढ एवं बढोत्तरी गर्दै निरन्तरता दिईनेछ ।

२४७. हिंसामा परेका, विशेष संरक्षणको आवश्यक रहेका तथा अनाथ बालवालिकाहरुलाई संरक्षणका लागि सङ्घीय तथा प्रदेश सरकारको सहयोग एवं समन्वयमा बालवालिका पुनर्स्थापना केन्द्र संचालन गर्न पहल गरिनेछ ।

२४८. ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिको संरक्षण तथा कल्याणकारी कार्यक्रम संचालन एवं अपाङ्गता भएका व्यक्तिको आत्मनिर्भरताको लागि शिक्षा,

प्रविधि र सिपमा पहुँच अभिवृद्धिका साथै ज्येष्ठ नागरिकलाई सम्मान गर्ने कार्यक्रम संचालन गरिनेछ ।

२४९. महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति एवं लैङ्गिक अल्पसंख्यकका हित संरक्षण र समस्या समाधान गर्न सङ्घीय सरकार तथा प्रदेश सरकार बीचमा समन्वय गरिनेछ ।

२५०. घाइते, अपाङ्गता भएका व्यक्ति तथा परिवारलाई जीविकोपार्जनका लागि उत्पादनसँग जोड्न सहुलियतपूर्ण कर्जाको सुविधा उपलब्ध गराई व्यावसायिक बनाइनेछ ।

२५१. बालबालिका, अपाङ्गता, ज्येष्ठ नागरिक एवं अशक्तमैत्री भौतिक संरचना निर्माण गर्ने नीति अंगिकार गरी कार्यान्वयनमा ल्याइनेछ ।

२५२. लैगिंक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धिको लेखाजोखाका लागि GESI Audit गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

२५३. लैगिंक हिंसा निवारण कोषको स्थापना गरि तत्काल संचालनमा ल्याइनेछ ।

२५४. गाउँ कार्यपालिकाको कार्यालय अन्तर्गत कार्यरत कर्मचारी र सेवाग्राहीलाई समेत सहजताको लागि सुरक्षित स्तनपान कक्षको स्थापना गरिएकोमा सोलाई निरन्तरता दिई स्तनापान कक्षलाई थप विस्तार गरि व्यवस्थित बनाईनेछ ।

२५५. चीनको वेइजिङ्गमा सन् १९९५ मा भएको चौथौ विश्व महिला सम्मेलनले वेइजिङ्ग घोषणा तथा कार्यमञ्च पारित गरेको र महिला तथा बालबालिकाको मानव अधिकारको संरक्षण तथा सम्बर्द्धन गर्न, सवै प्रकारका भेदभाव उन्मूलन गर्न, लैंङ्गिक समानता एवं महिला सशक्तीकरणको लागि १२(बाह्र) वटा सरोकारका क्षेत्रहरु पहिचान गरि आवश्यक सम्पूर्ण व्यवस्थाहरु अवलम्वन गर्न जोड दिईएको सन्दर्भमा देहायका प्रतिवद्धताहरुलाई अवलम्बन गरि कार्यक्रम कार्यान्वयन गर्ने नीति लिईनेछ ।

- महिला र शिक्षा
- महिला विरुद्धको हिंसा
- महिला र सञ्चार
- महिला र गरिबी
- महिला र अर्थतन्त्र
- महिलाको मानव अधिकार
- महिला र स्वास्थ्य
- महिलाको लागि संस्थागत विकास
- महिला र वातावरण
- महिला र नीति, निर्माण र निर्णय
- महिला र सशस्त्र विद्रोह
- बालिका संरक्षण

२५६. लैंगिक हिंसाबाट पीडित महिला तथा बालबालिकाहरुको शारीरिक, यौनजन्य, मानसिक तथा मनोबैज्ञानिक, आर्थिक तथा सामाजिक असरलाई प्रभावकारी एवं कुलतापूर्वक संवोधन गर्नका लागि जिल्ला अस्पतालमा स्थापना गरिएको एकद्धार संकट व्यवस्थापन केन्द्र (OCMC) सञ्चालनका लागि आवश्यक सहयोग उपलब्ध गराईनेछ ।

२५७. शिक्षा तथा रोजगारीमा द्धन्द्ध प्रभावित, घाइते, बेपत्ता र सहिद परिवारलाई विशेष प्राथमिकता राख्ने नीति लिईनेछ ।

**<u>महिलाः</u>**

२५८. महिला तथा किशोरी विरुद्ध हुने सबै प्रकारका हिंसा, विभेद र शोषणको अन्त्य गर्न पहल गरिनेछ । मरिणलाई बालविवाह, बहुविवाह लगायतका नकरात्मक अभ्यासबाट मुक्त गराउने प्रयास गरिनेछ । बलात्कार, हिंसा पीडित तथा प्रभावित

महिलाको सुरक्षाको लागि राहत, उद्धार, पुनर्स्थापना, निःशुल्क कानूनी सहायता, मनोसामाजिक परामर्श, सीप विकास तथा आयआर्जनमूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

२५९. गाउँपालिका क्षेत्र भित्र हुने महिला तथा पुरुष हिंसा लगायतका घरेलु हिंसा अन्त्यका लागि एक अर्कामा परनिर्भर रहनुपर्ने बाध्यात्मक अवस्थाबाट क्रमशः मुक्ति दिलाउन उद्यमशीलता एवं अर्थोपार्जन सम्बन्धी विभिन्न कार्यक्रमहरु संञ्चालन गरिनेछ ।

२६०. गाउँपालिका भित्रको सबै महिलाले सम्मानपूर्वक जीउन पाउने वातावरण सुनिश्चित गरिनेछ ।

२६१. हिंसापीडित तथा हिंसा प्रभावित महिलाहरुको लागि कानुनी उपचारार्थ आर्थिक ब्यबस्थापन सहित सहयोगी संयन्त्रको विकास गरिनेछ । तर गलत निर्णय राखि अनाबश्यक रुपमा पुरुष माथि लाञ्छाना लगाउने र मान प्रतिष्ठामा आँच आउने खालका क्रियाकलापलाई निरुत्साहित गरिनेछ ।

२६२. गाउँपालिका तथा वडास्तरीय किशोरी सञ्जालको लागि सचेतनामूलक तथा क्षमता अभिबृद्धि कार्यक्रमहरु संञ्चालन गरिनुका साथै किशोरी मैत्री पालिका घोषणा गर्नका लागि आवश्यक कार्यक्रम संचालन गरिनेछ ।

२६३. नारी दिवस, बाल दिवस, अपाङ्गता दिवस, लैगिंक हिंसा विरुद्ध १६ दिने अभियान कार्यक्रम, मानव अधिकार दिवस लगायतका दिवसहरु मनाई अर्थपूर्ण सहभागितामा जोड दिई सोलाई निरन्तरता दिईनेछ ।

२६४. हिंसामा परेका, बलात्कृत भएका महिला, किशोरी तथा बालबालिकाहरुको लागि सुरक्षा प्रदान गर्न एवं संरक्षण गर्ने नीति लिईनेछ ।

२६५. स्नातक तह उत्तीर्ण गरी बिवाह गर्ने किशोरी एवं स्नातक तह उत्तीर्ण अविवाहित महिलारुलाई प्रदान गरिने प्रोत्साहन रकमलाई निरन्तरता दिईनेछ ।

२६६. महिला, लैङ्गिक तथा यौनिक अल्पसंख्यक विरुद्ध हुने सबै प्रकारका हिंसा, शोषण, दुर्व्यवहार अन्त्य गर्दै लैङ्गिक उत्तरदायी शासन प्रणालीलाई संस्थागत गर्न अख्तियार गरिएको लैङ्गिक समानता तथा समाजिक समावेशीकरण रणनीतिको प्रभावकारी कार्यान्वयन गरिनेछ ।

२६७. गाउँपालिका र बागमती प्रदेश सरकारको साझेदारीमा सञ्चालित गृहिणी महिला सशक्तीकरण कार्यक्रमलाई थप विस्तार र सुदृढ गरी प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याईनेछ ।

**बालबालिकाः**

२६८. बालमैत्री स्थानीय शासनको कार्यान्वयन गर्न विशेष कार्यक्रम संञ्चालन गरिनुका साथै बालमैत्री स्थानीय शासनयुक्त गाउँपालिका घोषणाका लागि आवश्यक पहल गरिनेछ ।

२६९. बालविवाह तथा बालश्रम न्यूनीकरण गर्न सरकारी एवं गैरसरकारी संघ-संस्थाहरु सँग सहकार्य र समन्वय गरिनुका साथै बाल बिबाह अन्त्यका लागि समुदाय परिचालन कार्यक्रम संचालनमा ल्याइनेछ ।

२७०. गाउँपालिका क्षेत्रभित्र सञ्चालित होटल तथा अन्य व्यवसायलाई बालश्रममुक्त बनाई समग्र गाउँपालिकालाई बालश्रममुक्त गाउँपालिका घोषणाका लागि आवश्यक व्यवस्था मिलाईनेछ ।

२७१. गाउँपालिका तथा वडा स्तरीय बालक्लबहरुको क्षमता अभिबृद्धि कार्यक्रमहरु संञ्चालन गरिनुका साथै बालक्लबहरुको व्यवस्थापनका लागि आवश्यक सहयोग गरिनेछ ।

२७२. घर परिवार, समाज र विद्यालयमा बालबालिकाले भोग्नु परेका दुर्व्यवहार, तथा हिंसाको अन्त्य गर्दै बालअधिकारको पूर्ण उपभोग गर्न पाउने अवस्थाको सुनिश्चिता गरिनेछ ।

२७३. सबैखाले बालश्रम शोषणको अन्त्य गरिनेछ । बालमैत्री पूर्वाधार निर्माण गर्दै लगिनेछ । अनाथ, असहाय, टुहुरा, अपाङ्गता भएका व्यक्ति, अशक्त, बेवारिसे, हिंसापीडित तथा सडक बालबालिकाको उद्धार, संरक्षण र पुनर्स्थापनाको लागि सङ्घीय तथा प्रदेश सरकार सँग समन्वय गरिनेछ ।

२७४. बाल बिबाहलाई निरुत्साहित गर्न शून्य सहनशीलता अपनाई कडाईका साथ नियमन र नियन्त्रण गर्ने नीति लिईनेछ ।

२७५. बालबालिकाहरुको सवालका विषय एवं निर्णय प्रक्रियामा बालक्लबका प्रतिनिधिहरुको अर्थपूर्ण सहभागिता गराई बालबालिकाहरुमा हुने शारीरिक तथा मानसिक हिंसा बिरुद्ध समुदाय तथा विद्यालय स्तरमा कार्यक्रम संचालन गरिनेछ ।

२७६. आमाबाबु दुबै नभएका एवं विविध कारणहरुले गर्दा आमाबाबुको संरक्षणमा नरही अन्यको संरक्षणमा बाँच्न विवश आमाबाबु बिहीन बालबालिकाहरुको यकिन गरी बागमती प्रदेश सरकारको सहयोगमा आमाबाबु बिहीन बालबालिकाहरुलाई आर्थिक सहायता प्रदान गरि संरक्षणको व्यवस्था मिलाइनेछ ।

**ज्येष्ठ नागरिकः**

२७७. ज्येष्ठ नागरिकको जीवन सम्मानित, सुरक्षित र व्यवस्थित बनाई उनीहरूको ज्ञान, सिप र अनुभवलाई मरिणको समृद्धिका लागि उपयोग गरिनेछ । ज्येष्ठ नागरिकलाई स्वास्थ्य तथा अन्य सेवा सुविधामा छुट र सहुलियत प्रदान गर्न पहल गरिनेछ । ज्येष्ठ नागरिक सम्मान कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

२७८. ज्येष्ठ नागरिक परिचयपत्र सहजरुपमा उपलब्ध गराउने व्यवस्था मिलाईनेछ ।

२७९. ज्येष्ठ नागरिकको शारीरिक जाँच लगायतका स्वास्थ्य उपचार निःशुल्क गरिनुका साथै ज्येष्ठ नागरिकहरुको प्रतिकूल स्वास्थ्य अवस्थालाई मध्यनजर गर्दै टोल-टोल

एवं सम्भव भए सम्म घर-घरमा नै गई स्वास्थ्य जाँच तथा स्वास्थ्य सेवा प्रदान गर्ने व्यवस्था मिलाईनेछ ।

२८०. गाउँ कार्यपालिकाको कार्यालयमा सेवा लिन आउने ज्येष्ठ नागरिक सेवाग्राहीहरुलाई सहायता कक्षबाट सहजताका साथ सेवा प्रदान गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

२८१. ज्येष्ठ नागरिकहरुको अनुभवलाई सम्पत्ति मानी उक्त अनुभवलाई मरिणको समृद्धिको लागि उपयोग गर्दै सम्मान स्वरुप विश्रामस्थल, भजन गृह एवं उद्यानको व्यवस्था गर्ने नीति अवलम्बन गरिनेछ ।

**<u>दलितः</u>**

२८२. गाउँपालिका क्षेत्रभित्र छुवाछुत तथा सामाजिक विभेदलाई पूर्ण रुपमा अन्त्य गर्न आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

२८३. दलित समुदायलाई आर्थिक तथा सामाजिक रुपले सबल बनाउन सचेतना तथा सिपको विकास जस्ता कार्यक्रमहरु सञ्चालन गरिने नीति अवलम्बन गरिनेछ ।

२८४. दलित समुदायको परम्परागत पेशा, कला, तथा सीप संरक्षण सम्बर्द्धन गर्दै आधुनिकीकरण र व्यवसायीकरण गर्ने नीति अवलम्बन गरिनेछ ।

**<u>आदिबासी जनजातिः</u>**

२८५. मरिण गाउँपालिकाका आदिवासी जनजाति समुदायको भाषिक, साँस्कृतिक तथा मौलिक पुख्यौली ज्ञान, सिप, मूल्यमान्यता, परम्पराको संरक्षण एवं प्रवर्द्धन गर्ने नीति अबलम्बन गरिनेछ ।

२८६. आदिवासी जनजाति अधिकार सँग सम्बन्धित अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धीको बुँदा नं. १६९ र संयुक्त राष्ट्रसंघीय घोषणा पत्रका प्रावधानलाई स्थानीयकरण गरि कार्यान्वयनमा ल्याइनेछ ।

२८७. आदिवासी जनजातिहरुको सामाजिक तथा आर्थिक मूलप्रवाहीकरणका लागि तालिम, कोचिङ, सीप विकास, नेतृत्व विकास जस्ता कार्यक्रमहरुमा सबैको सहभागिता सुनिश्चितता गरिने नीति अबलम्बन गरिनेछ ।

२८८. आदिबासी जनजातिहरुको भाषा तथा लिपि विकास एवं संरक्षणको प्रवर्द्धनात्मक कार्यक्रम संचालन गरिने नीतिलाई निरन्तरता दिईनेछ ।

**अपाङ्गताः**

२८९. अपाङ्गता भएका व्यक्तिको आर्थिक तथा सामाजिक सशक्तीकरण सँगै सहज र सम्मानपूर्ण जीवन सुनिश्चित गर्न पहल गरिनेछ । उनीहरूलाई स्वरोजगार तथा रोजगारमुखी कार्यक्रम मार्फत आत्मनिर्भर बनाइन पहल गरिनेछ । यस गाउँपालिका वडा नं. ०७ स्थित बाह्रविसेमा अपाङ्गता ग्राम निर्माणका लागि १ विघा १५ कट्ठा क्षेत्रफल बराबरको जग्गा उपलब्ध गराईएकोमा उक्त स्थानमा तत्काल अपाङ्गता ग्राम निर्माणका लागि पहल गरिनेछ ।

२९०. बर्गीकरणको आधारमा “ग” तथा “घ” बर्गको परिचयपत्र प्राप्त अपांगता भएका ब्यक्तिहरुको लागि सीप विकास तथा उद्यमशीलता विकास सम्बन्धी कार्यक्रम संचालन गरि त्यस्ता वर्गलाई स्वावलम्बी बनाउने नीतिलाई निरन्तरता दिईनेछ ।

२९१. अपाङ्गता भएका ब्यक्तिहरुको लगत राखि गाउँपालिका स्तरीय अपाङ्गताको क्षेत्रमा कार्य गर्ने संघ संस्थाको क्षमता विकास गरिनेछ ।

२९२. अति अशक्त अपाङ्गता भएका व्यक्तिहरुलाई सहज रुपमा परिचयपत्र उपलब्ध गराउनको लागि घर-घरमा नै गई अपाङ्गता परिचयपत्र वितरण गर्ने व्यवस्था मिलाईनुका साथै स्वास्थ्य जाँच गरी स्वास्थ्य सेवा सुविधा उपलब्ध गराउने व्यवस्था मिलाई सहजरुपमा कार्यविधि अनुरुप परिचयपत्र उपलब्ध गराइनेछ ।

२९३. अपाङ्गता भएका व्यक्तिहरुका लागि समुदायमा आधारित पुनर्स्थापना सहयोग कार्यक्रमको प्रभावकारी कार्यान्वयन गरिनेछ ।

२९४. गाउँपालिका अन्तर्गतका हरेक भौतिक संरचना निर्माण गर्दा अपाङ्गतामैत्री संरचनाहरुको निर्माण गर्ने नीति अवलम्बन गरिनेछ ।

२९५. अपाङ्गता भएका व्यक्तिहरुको लागि नाँपजाँच सहित न्यूनतम सहायता सामग्री एवं खास प्रकारका स्वास्थ्य तथा सरसफाई सामग्रीहरु नियमित र निःशुल्क उपलब्ध गराउन पहल गरिनेछ ।

**<u>युवा तथा रोजगारः</u>**

२९६. देशमा विद्यमान बेरोजगारी दर कम गर्न बेरोजगार व्यक्तिहरुलाई रोजगारी प्रदान गर्नका लागि आवेदन आह्वान गरि रोजगार सेवा केन्द्रमा सूचीकृत गरिनेछ ।

२९७. स्थानीय तहको रोजगार सेवा केन्द्रमा सूचीकृत भएका बेरोजगारलाई युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना तथा कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना संचालन गरि न्यूनतम रोजगारीको प्रत्याभूति गराईनेछ ।

२९८. सङ्घ तथा प्रदेश सरकारले ल्याएका रोजगारमूलक कार्यक्रममा अपनत्व ग्रहण गर्दै रोजगारीका क्षेत्र विस्तार गरिनेछ ।

२९९. बैदेशिक रोजगारीबाट फिर्ता आएका श्रमिकहरुको सिप पहिचान गरी स्वरोजगारमूलक कार्यक्रममा संलग्न गराउन पहल गरिनेछ ।

३००. श्रम सम्बन्धलाई प्राथमिकता दिंदै सार्वजनिक पूर्वाधार निर्माण र कृषि क्षेत्रबाट रोजगारी सृजनामा जोड दिइनेछ ।

३०१. रोजगार सेवा केन्द्रलाई थप सुदृढीकरण गर्दै लगिनेछ ।

३०२. पालिका स्तरबाट संचालन गरिने नियमित विकास निर्माणका योजनाहरुमा आवश्यक श्रमिकहरु लिईंदा रोजगार सेवा केन्द्रमा सुचीकृत बेरोजगार व्यक्तिहरुलाई प्राथमिकता दिईनेछ ।

३०३. राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली (NVQS) कार्यविधि, २०८० बमोजिम बागमती प्रदेश सरकार सामाजिक विकास मन्त्रालय सँग समन्वय गरी सिप परीक्षण सम्बन्धी कार्यलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ ।

३०४. रुपान्तरणको संवाहक र नेतृत्वको साझेदारको रुपमा रहेका युवालाई विभिन्न प्रकारका सिपमुलक र जीवनोपयोगी तालिम प्रदान गरि सामूहिक व्यवसाय गर्न अभिप्रेरित गर्ने नीति लिईनेछ ।

३०५. प्रधानमन्त्री रोजगार कार्यक्रमलाई जनमुखी कार्यक्रमको रुपमा विकास गरि सो कार्यक्रमहरुमा समेत युवाहरुलाई सहभागी गराउने नीति अवलम्बन गरिनेछ ।

३०६. युवाहरुलाई हिंसा, दुर्व्यसन, कुलत एवं अराजक प्रवृत्तिबाट अलग गर्ने नीति लिईनेछ ।

३०७. युवाहरुलाई प्राविधिक शिक्षा तथा सीपमुलक तालिम मार्फत दक्ष, उद्यमशील र आत्मनिर्भर बनाउने नीति लिईनेछ ।

३०८. युवाहरुलाई विपद् व्यवस्थापन, सामाजिक विकास, वातावरण संरक्षण, खेलकुद लगायतका क्षेत्रमा स्वयंसेवकको रुपमा परिचालन गरिनेछ ।

३०९. गाउँपालिका क्षेत्रमा रहेको संगठित उद्योगमा कार्यरत कामदारहरुका लागि नेपाल सरकारले तोकेको न्यूनतम ज्याला लागू गर्ने गराउने नीति अवलम्बन गरिनेछ ।

**<u>लोपोन्मुख, सीमान्तकृत जाति/जनजातिः</u>**

३१०. मरिण गाउँपालिकामा बसोबास गर्ने अति सिमान्तकृत जाति थामी जातिको समग्र विकासका लागि आवश्यक पहल गरिनेछ ।

३११. लोपोन्मुख, सीमान्तकृत जाति/जनजातिको क्षमता विकास र स्रोत साधनहरुमा पहुँच अभिवृद्धि गरि जीवनस्तर माथि उकास्ने नीति अवलम्बन गरिनेछ ।

३१२. लोपोन्मुख, सीमान्तकृत जाति/जनजातिका युवाहरुको क्षमता विकासका लागि व्यावसायिक तथा सिपमुलक तालिम प्रदान गरिनेछ ।

**<u>गैरसरकारी संघ-संस्थाः</u>**

३१३. गैरसरकारी संस्था दर्ता र नियमन सम्बन्धी नीतिगत व्यवस्था गरिनेछ । गैरसरकारी सङ्घ-संस्थालाई गाउँपालिकाको प्राथमिकताको क्षेत्रमा परिचालन र व्यवस्थापन गर्दै पारदर्शीता, जवाफदेहिता र उत्तरदायित्व अभिवृद्धि गरिनेछ ।

३१४. गैरसरकारी संघ-संस्थालाई विकास साझेदारी संस्था र सरकारको सहयोगीको रुपमा विकास गर्ने दृष्टिकोणबाट प्राप्त कार्यक्रमहरुलाई गाउँपालिकाको बार्षिक योजनामा समावेश गरि कार्यान्वयनमा ल्याइनेछ ।

३१५. गैरसरकारी संघ-संस्थाको काम कार्वाहीलाई गाउँपालिकाको अनुगमन प्रणालीमा आवद्ध गरी संचालित कार्यक्रमहरुलाई प्रभावकारी वनाईनेछ ।

३१६. गैरसरकारी संघ-संस्थाहरुले कार्यक्रम निर्माण गर्दा गाउँपालिकाले अवलम्वन गरेको नीति तथा कार्यक्रमहरुलाई सहयोग पुग्ने खालका कार्यक्रमहरुलाई प्राथमिकता दिनु पर्ने नीति लिईनेछ ।

**<u>खानेपानी तथा सरसफाईः</u>**

३१७. खानेपानी मुहानको दर्ता, संरक्षण एवं मुहानको पानी परीक्षण गर्ने व्यवस्था मिलाई स्वस्च्छ र सफा खानेपानी उपलब्ध गराउन निर्माण गरिएको WASH PLAN को प्रभावकारी कार्यान्वयन गरि आम नागरिकको स्वास्थ्यको हक एवं स्वच्छ खानेपानी पिउन पाउने नैसर्गिक हकको प्रत्याभूति गरिनेछ ।

३१८. **"मरिणको पानी बरुणमा लगानी"** भन्ने मूल नारालाई तत्काल कार्यान्वयनमा ल्याउन बरुण वृहत् खानेपानी आयोजना संचालनमा ल्याइनेछ ।

३१९. स्वाच्छ र सफा खानेपानीको सहज रुपमा वितरणको लागि गैरसरकारी संघ-संस्थाहरु सँगको सहकार्यमा खानेपानी साझेदारी कार्यक्रम संचालनमा ल्याइनेछ ।

३२०. **"एक घर एक धाराः मरिण गाउँपालिकाको अभिभारा"** भन्ने मूल नारालाई सार्थकताका साथ कार्यान्वयन गर्न वडा नं. ०१ स्थित वृहत् कोखाजोर लिफ्ट खानेपानी आयोजनालाई सङ्घीय तथा प्रदेश सरकारको समन्वय एवं सहकार्यमा अगाडि बढाइनेछ । साथै गाउँपालिकाको क्षेत्र भित्र संचालित वृहत् खानेपानी आयोजनाहरुको निर्माण सङ्घीय सरकार, प्रदेश सरकार र अन्य सरोकारवाला संघ-संस्थाहरु सँगको समन्वयमा अगाडि बढाईनेछ ।

३२१. गाउँपालिका अन्तर्गतका पुराना खानेपानी आयोजनाहरुको मर्मत-संम्भार गरि व्यवस्थित ढंगबाट संचालन गरिनेछ ।

३२२. खानेपानीको गुणस्तर मापन तथा सो अनुसारको गुणस्तर कायम गर्न पालिका स्तरमा खानेपानी गुणस्तर जाँच गर्ने प्रयोगशाला संचालन गरि व्यवस्थित र प्रभावकारी बनाईनेछ ।

३२३. सङ्घीय सरकार, प्रदेश सरकार र गाउँपालिकाको समन्वयमा सरसफाइ स्वच्छता कार्यक्रमलाई प्रभावकारी कार्यान्वयका लागि अभियानको रूपमा सञ्चालन गरिनेछ । पानी परीक्षणका लागि आवश्यक थप किटको व्यवस्थापन गरि स्थापना भएको WASH DESK को प्रभावकारी रुपमा संचालन गरिनेछ ।

३२४. WASH PLAN मा औंल्याईएका सौचालय नभएका घरमा अनिवार्य सौचालय निर्माणका लागि आवश्यक प्रवर्द्धनात्मक कार्यका साथै सोको नियमन गर्ने व्यवस्था मिलाईनेछ ।

३२५. खानेपानी सरसफाई तथा स्वच्छता योजना कार्यान्वयनका लागि NWASH Portal लाई अद्यावधिक गर्न आवश्यक जनशक्तिको व्यवस्थापन एवं परिचालन तथा वास कोषको समेत ब्यवस्था गरिनेछ ।

## भौतिक पूर्वाधार विकास सम्बन्धी नीतिः

३२६. पूर्वाधार विकासलाई प्राथमिकतामा राखि “सम्वृद्धिको आधारः प्राथमिकतामा दिगो पूर्वाधार” भन्ने नारालाई व्यवहारतः कार्यान्वयनमा ल्याइनेछ ।

३२७. मरिण गाउँपालिकाको समुन्नतिको महत्वपूर्ण आधार भौतिक पूर्वाधारको विकास रहेकोले यस गाउँपालिकाको समग्र भौतिक पूर्वाधार क्षेत्रको एकीकृत र सुव्यवस्थित विकासका लागि वृहत् गुरुयोजना निर्माण मार्फत प्राथमिकताका आधारमा वार्षिक योजनासँग तादाम्यता कायम गरि भौतिक पूर्वाधार विकासका आयोजना छनौट गर्ने नीति लिइनेछ ।

३२८. पूर्वाधार निर्माणमा सार्वजनिक निजी साझेदारी मोडेललाई प्राथमिकता दिइनेछ ।

३२९. पूर्वाधार निर्माणको क्षेत्रमा सामुदायिक, सहकारी क्षेत्र र उपभोक्ता समितिहरुको प्रभावकारी परिचालन गरिनेछ ।

३३०. निर्मित पूर्वाधारहरुको नियमित मर्मत सम्भार, सञ्चालन, संरक्षण एवं सम्बर्द्धन गर्न मर्मत सम्भार कोषलाई सुदृढ वनाइनेछ ।

३३१. उपभोक्ता समिति मार्फत सञ्चालन हुने हरेक पूर्वाधार निर्माणका कार्यक्रमहरुमा उपभोक्ता समितिले अनिवार्य रुपमा कुल लागतको १० प्रतिशत हिस्सा व्यहोर्नु पर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ ।

३३२. गाउँपालिका अन्तर्गतका महत्वपूर्ण एवं गौरवका आयोजनाहरुको सम्भाव्यता अध्ययन गरि आवश्यक वजेटको व्यवस्थापनमा पहलकदमी गर्दै कार्यान्वयनमा ल्याईनेछ ।

३३३. मरिण गाउँपालिकाको सडकको वर्तमान अवस्थाको विश्लेषण गर्दै भावी दिनमा सडक पूर्वाधारको दिगो र भरपर्दो विकासको लागि गाउँपालिका यातायात गुरुयोजना (MTMP) अद्यावधिक गरी कार्यान्वयनमा ल्याईनेछ ।

३३४. **"हाम्रो मरिणः राम्रो मरिणः उज्यालो मरिण"** भन्ने मूल नाराका साथ गाउँपालिका उज्यालो अभियानलाई मुर्तरुप प्रदान गर्न सबै वडाका नागरिहरुमा विद्युतीय पहुँच पुर्याउन सङ्घीय सरकार, प्रदेश सरकार र अन्य सरोकारवाला कार्यालयहरु बीचमा समन्वय गरि सहकार्यमा कार्य अगाडि बढाईनेछ ।

३३५. मरिण गाउँपालिकाको महत्वपूर्ण आयोजनाको रुपमा रहेको फूलबारी मरिण डाइभर्सनको सम्भाव्यता अध्ययन गरी उक्त कार्यलाई तत्काल अगाडि बढाई कार्यान्वयनमा ल्याइनेछ ।

**स्थानीय सडक, पुल तथा झोलुङ्गे पुलः**

३३६. **"मरिणको विशिष्टताः सहज, सुरक्षित र भरपर्दो सडक यातायात सेवाको सुनिश्चितता"** भन्ने गाउँपालिकाको दीर्घकालीन सोचलाई कार्यान्वयन गर्न संघ तथा प्रदेश सरकारसँगको समन्वय, सहकार्य एवं साझेदारीमा पालिका स्तरीय पक्की सडक निर्माण एवं सडक स्तरोन्नतिका कार्यहरु प्रभावकारी रुपमा अगाडि वढाउन पहलकदमी गरिनेछ ।

३३७. मरिण गाउँपालिकाको केन्द्र कपिलाकोट एवं महेश्वता बजार व्यवस्थापनलाई मध्यनजर गर्दै तीव्र रुपमा अगाडि बढेको सहरीकरणलाई व्यवस्थित बनाउन सडक यातायातको पहुँचलाई वैकल्पिक मार्गद्वारा सम्बोधन गर्न डि.पि.आर तयार

गरी कपिलाकोट-महेश्वता मरिण रिङरोड निर्माण कार्यलाई थप सुदृढ र व्यवस्थित बनाउँदै लगिनेछ ।

३३८. मरिण गाउँपालिका अन्तर्गतका ग्रामीण सडकहरुको स्तरोन्नति एवं दिगोपनाको लागि आवश्यक पहल गरि बाह्रै महिना निर्वाध रुपमा संचालन गरिने व्यवस्था मिलाईनेछ ।

३३९. मरिण गाउँपालिकाका वडा कार्यालयहरुको केन्द्र सम्म पुग्ने सडक आगामी ५ बर्ष भित्र पक्की सडकको रुपमा स्तरोन्नति गरिनेछ । साथै पक्की सडक निर्माण गर्दा देश भित्र उत्पादित सिमेन्टको प्रयोगका साथै ढुंगा, गिट्टी बालुवाको समुचित उपयोग मार्फत राजश्व अभिवृद्धि गर्न सडकको ढलान गरि पक्की सडक निर्माण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

३४०. कमलामाइ नगरपालिकाको सिमाना घाँगर खोला देखि बडिमुहान-साहान-भालुमारा पक्की सडक निर्माण कार्य तत्काल अगाडि बढाई कार्यसम्पन्न गराइनेछ ।

३४१. **"नियमित मर्मत सम्भारः दिगो सडकको आधार"** भन्ने नारालाई साकार पार्न गाउँपालिकाको व्याक हो लोडर प्रयोग गरि वडा, टोल विकास संस्था, सम्बन्धित उपभोक्ताको समन्वयमा प्राविधिक पुष्ट्याई एवं लागत अनुमानको आधारमा मरिण गाउँपालिकाको ग्रामीण कृषि सडकहरुको निरन्तर स्तरोन्नति एवं मर्मत सम्भार गरि वाह्रै महिना सवारी चल्न सक्ने व्यवस्था मिलाईनेछ ।

३४२. गाउँपालिका यातायात सडक गुरुयोजनाले निर्दिष्ट गरे बमोजिमका सडकहरुको रेखाङ्कन तथा सीमाङ्कन गरि विस्तृत परियोजना प्रस्ताव तयार पारी त्यस्ता सडकहरु प्राथमिकताको आधारमा क्रमशः निर्माण गर्दै लगिनेछ ।

३४३. स्थानीय सडकहरुको निर्माण, उपयोग गर्दा वातावरणीय सन्तुलन एवं प्रभावलाई ध्यान दिइनेछ र आवश्यकताको आधारमा निश्चित रकमको निश्चित संख्यामा वृक्षारोपण गर्नु पर्ने व्यवस्था मिलाई कार्यान्वयन गरिनेछ ।

३४४. सडक पूर्वाधारलाई दिगो, भरपर्दो र टिकाउ वनाइनेछ । नयाँ सडक ट्र्याक निर्माण वा रु. ३ लाख भन्दा कम विनियोजित योजना वाहेक अन्य योजनाहरु कार्यान्वयन गर्दा ६०% स्ट्रक्चर निर्माण र ४०% ट्र्याक खोल्ने कार्यमा वजेट

खर्च गर्ने नीति लिइनेछ। नयाँ सडक निर्माणको हकमा आवश्यकता अनुसार स्ट्रक्चर र ट्र्याकको कार्य गरिनेछ ।

३४५. मरिण गाउँपालिकाको पूर्वाधार विकास एकीकृत गुरुयोजनामा उल्लिखित विषयगत योजना अन्तर्गतका सडक व्यवस्थापन योजना निर्माण गरि सडक पूर्वाधार व्यवस्थापनलाई कार्यान्वयनमा ल्याइनेछ ।

३४६. गाउँपालिकाको स्थानीय सडक, रणनीतिक सडक, कृषि सडकहरुको वर्गीकरण गरी सडक सञ्जाललाई व्यवस्थित गरिनेछ । साथै आधुनिक कृषि प्रवर्द्धनको लागि कृषि सडक निर्माण र विद्युत लाइन विस्तारलाई प्राथमिकता दिइनेछ ।

३४७. निर्माणाधीन झोलुङ्गे पुलहरु सम्पन्न गर्न पहल गरिनेछ । थप आवश्यक स्थानमा झोलुङ्गे पुलको आवश्यकता पहिचान गरि कार्यक्रममा समावेश गर्न सम्वन्धित निकायमा पहल गरिनेछ ।

३४८. सडक यातायातलाई सहज र आरामदायी बनाउन सडक छेउमा सौचालय सहितको प्रतिक्षालय निर्माणको कार्यलाई प्रथमिकता दिईनेछ ।

३४९. हरित सहरलाई प्रवर्द्धन गर्न सडक छेउमा यातायात संचालनमा असर नपर्ने गरि बृक्षारोपण कार्यलाई निरन्तरता दिइनेछ ।

३५०. वडा नं ०६ को भुताहा देखि वडा नं ०७ को देउजोर सम्म मदन भण्डारी राजमार्गको दाँयाबाँया सहायक मार्गको निर्माण कार्यको लागि समन्वय एवं पहल गरिनेछ ।

३५१. सडक योजनाको प्राथमिकीकरण गर्दा ट्र्याक खोली सकेका सडकको स्तरोन्नति कार्यलाई प्राथमिकता दिइनेछ ।

३५२. ठाँटी चोक देखि नयाँबस्ती सम्म सडकको दायाँ-बायाँ १०/१० मिटर गरि कुल २० मिटर सडकको मापदण्ड अनुसारको पैदल यात्री र साईकलको लागि लेन निर्माण गरिनेछ ।

**<u>भवन तथा सहरी विकासः</u>**

३५३. स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम गाउँपालिका क्षेत्र भित्रका भवन निर्माण कार्यलाई व्यवस्थित गरिनेछ ।

३५४. राष्ट्रिय भवन संहिता, २०६०, बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत निर्माण मापदण्ड, २०७२ तथा भवन निर्माणको नमूना मापदण्ड, २०७१ एवं मरिण गाउँपालिकाको भवन निर्माण तथा सहरी विकास योजना मापदण्ड, २०८० लाई पालना गराउँदै गाउँपालिका क्षेत्रमा व्यवस्थित बस्ती विकास गरिनेछ र भवन निर्माण गर्दा अनिवार्य रुपमा आफ्नो जग्गामा कम्तीमा २ वटा विरुवा रोप्नु पर्ने नीति अबलम्बन गरिनेछ ।

३५५. निर्माण हुन बाँकी वडा नं. ०१ र ०६ को सुविधा सम्पन्न वडा कार्यालय भवन आगामी ३ बर्ष भित्र निर्माण गरि सेवा प्रवाह गर्ने व्यवस्था मिलाईनेछ ।

३५६. गाउँ कार्यपालिकाको प्रशासकीय भवनलाई अपाङ्गता मैत्री, लैंगिक मैत्री, बालबालिका मैत्री, ज्येष्ठ नागरिक मैत्री लगायत GESI को दृष्टिकोणले उपयुक्त एवं सुविधायुक्त बनाई गाउँ कार्यपालिकाको कार्यालयलाई सेवाग्राही मैत्री बनाउनका लागि आवश्यक प्रवन्ध मिलाईनेछ ।

३५७. तीव्र गतिमा विकास हुँदै गएको मरिणको सहरीकरणलाई व्यवस्थित बनाउँदै व्यापारिक (सपिङ महल) निर्माणको लागि सम्भाव्यता अध्ययन गरिनेछ ।

३५८. एकीकृत एवं व्यवस्थित आवास तथा सहरीकरणको लागि भूमिलाई आवास, कृषि, वन लगायतका क्षेत्रमा वर्गीकरण गरि आवास क्षेत्रमा मात्र भवन निर्माणको लागि इजाजत दिइने नीति लिइनेछ ।

३५९. तीव्र सहरीकरण सँगै बढ्दो जग्गा प्लटिङ्ग कार्यलाई व्यवस्थित गर्न गाउँ कार्यपालिकाबाट अनुमति लिइ जग्गा प्लटिङ्ग गर्ने कार्यलाई अगाडि बढाईनेछ । साथै ६ मिटर बाटो नभएको जग्गामा प्लटिङ गरि विक्री गर्न नपाउने नीति लिईनेछ ।

३६०. बढ्दो सहरीकरण तथा यातायातको चाप सँगै सवारी साधनको अव्यवस्थित पार्किङ्गलाई व्यवस्थित गर्दै यातायात व्यवसायी र आमनागरिक बीचको सम्बन्ध सुमधुर बनाई यातायातको सहज पहुँच स्थापित गर्न आगामी ३ बर्ष भित्र बसपार्कको लागि निःशुल्क जग्गा प्राप्त भएको स्थान वडा नं. ०६ स्थित धमिलेमा व्यवस्थित बसपार्क निर्माणको कार्य अगाडि बढाईनेछ । साथै सार्वजनिक

महत्वका भवन तथा व्यापारिक कम्प्लेक्स निर्माण गर्दा अनिवार्य रुपले नक्सामा नै यातायात पार्किङ्गको व्यवस्था राखि निर्माण गर्न लगाईनेछ ।

३६१. बढ्दो सहरीकरणलाई मध्यनजर गर्दै सम्भावित अव्यवस्थित सहरीकरणलाई रोक्न सङ्घीय तथा प्रदेश सकारको समन्वय एवं सहकार्यमा मरिण गाउँपालिकाको पूर्वाधार विकास एकीकृत गुरुयोजना मुताविक रेखाङ्कन गरि विकासका कार्यलाई अगाडि बढाईनेछ ।

३६२. मरिण घण्टा घर निर्माणको कार्यलाई अगाडि बढाईनेछ ।

३६३. मदन भण्डारी राजमार्ग दायाँ-बायाँ निर्माण हुने घर तथा अन्य सहरोन्मुख बस्तीहरुमा समेत पहिचानको हिसाबले, पर्यटकीय हिसाबले हरेकको ध्यानाकर्षण गर्न र सुन्दर सहरको निर्माणका लागि एकरुपता कायम गर्दै एउटै डिजाईन र रंगरोगनमा घर तथा बस्ती निर्माणका लागि **"मरिणको रहरः आर्षक सहर"** भन्ने नारालाई कार्यान्वयनमा ल्याईनेछ ।

३६४. सङ्घीय तथा प्रदेश सरकारको समन्वय र सहकार्यमा व्यवस्थित सहरीकरणको लागि Topographical Map तयार पारी व्यवस्थित सहरीकरणको कार्य अगाडि बढाइनेछ ।

३६५. मरिण गाउँपालिकाको पूर्वाधार विकास एकीकृत गुरुयोजनालाई प्रभावकारी कार्यान्वयनमा ल्याइनेछ ।

**विद्युत, संचार र सिंचाईः**

३६६. हाल सम्म पनि केन्द्रीय विद्युत प्रशारण लाईन नपुगेको बस्तीहरुमा सम्वन्धित निकायसँग समन्वय र सहकार्य गरि आगामी २ वर्ष भित्रमा प्रशारण लाईन पुर्याइ मरिण गाउँपालिकाको आम नागरिकहरुमा सतप्रतिशत विद्युतको पहुँचको प्रत्याभूति गरिनेछ ।

३६७. नवीकरणीय उर्जाको प्रयोग एवं प्रवर्द्धन, विद्युतीय चुलोको पहुँचमा अभिबृद्धि गर्दै एल.पि.जि. ग्यासको प्रयोगमा न्यूनीकरण गर्ने नीति र कार्यक्रमलाई निरन्तरता दिईनेछ।

३६८. विद्युतीय सवारी साधनको प्रयोग र प्रवर्द्धनका लागि आवश्यकताको आधारमा मरिण गाउँपालिकाले आगामी दिनमा खरिद गर्न सक्ने सवारी साधनको हकमा विद्युतीय सवारी साधनलाई पहिलो प्राथमिकता दिइ विद्युतीय सवारी साधन खरिद गर्ने एवं आम नागरिकमा समेत विद्युतीय सवारीको प्रयोग र सोको उपयोग गर्न आह्वान गर्ने नीति लिइनेछ ।

३६९. विद्युतीय सवारी साधनलाई प्रवर्द्धनका लागि चार्जिङ्ग स्टेशन लगायतका आवश्यक पूर्वाधार निर्माण लागि गाउँपालिकाले विशेष पहलकदमी गर्नेछ ।

३७०. सङ्घीय सरकारसँगको समन्वय र सहकार्यमा २० यूनिट सम्मको व्यक्तिगत विद्युत महसुल निःशुल्क उपलब्ध गराईनेछ ।

३७१. आधुनिक सहरीकरणलाई मध्यनजर गर्दै मदन भण्डारी राजमार्गको दायँबाँया दुबै तर्फ समानान्तर रुपमा विद्युत लाइन विस्तारको लागि प्राथमिकताका साथ पहल गरिनेछ ।

३७२. मरिण गाउँपालिकाका नागरिकहरुमा सूचना प्रविधिको पहुँच स्थापित गर्न वडा नं. ०१ को खलंगा, वडा नं. ०२ को देउराली डाँडा, वडा नं. ०४ को ठूलीदमार र कुडुले एवं वडा नं. ०५ को आम्बास तथा वडा नं. ०६ को कपिलाकोट स्थित कार्कीडाँडा लगायतका स्थानहरुमा नेपाल टेलिकमको टावर स्थापना गर्ने कार्यलाई तीब्रता दिइनेछ ।

३७३. वाकिटकी संचारलाई व्यवस्थित गर्न वाकिटकी वेस स्टेसन निर्माणको सम्भाव्यता अध्ययन गर्न सम्बन्धित निकायमा पहल गरिनेछ ।

३७४. कृषि क्षेत्रलाई आधुनिकीकरण गर्दै उत्पादन र उत्पादकत्व वृद्धि गर्न साना, मझौला तथा ठूला सिंचाई योजना संचालनको लागि सम्वन्धित निकायसँग समन्वय गरिनेछ । साथै सिंचाईको आधुनिक प्रविधिलाई गाउँपालिकामा भित्र्याइनेछ ।

३७५. मरिण गाउँपालिका वडा नं. ०७ जरायोटार-देउजोर खोला दोभानमा मुहान बनाई मरिण खोलाको पानीबाट वडा नं. ०६ को भुताहा सम्म सिंचित गराउन डिपिआर तयारीको कार्यसम्पन्न भइसकेको हुँदा उक्त योजना कार्यान्वयनका लागि वृहत् सिंचाइ कुलो निर्माण कार्य तत्काल अगाडि बढाइनेछ ।

## वन, वातावरण तथा विपद् व्यवस्थापन सम्बन्धी नीतिः

### वन, वातावरण तथा भू-संरक्षणः

३७६. सामुदायिक वन उपभोक्ता समितिसँग सहकार्य गरि वन विनास कार्य रोकथाम गरिनेछ । साथै वृक्षारोपण, वनको डढेलो नियन्त्रण, चरिचरण नियन्त्रण सम्बन्धी जनचेतनामूलक कार्यहरु संचालन गरिनेछ ।

३७७. IEE प्रतिवेदनमा उल्लिखित मापदण्ड, तोकिएको क्षेत्र एवं बिन्दु भन्दा बाहेकका स्थानबाट ढुङ्गा, गिट्टी तथा वालुवा उत्खनन् गर्ने कार्यलाई रोक लगाइनेछ ।

३७८. गाउँपालिका क्षेत्र भित्र सबै प्रकारका वनको संरक्षण, प्रवर्द्धन र नियमनका लागि स्थानीय वन ऐन, २०७६ लाई प्रतिस्थापन गरि बन ऐन, २०८१ कार्यान्वयनमा ल्याईनेछ ।

३७९. राष्ट्रिय राजमार्ग दायाँ-वायाँ वृक्षारोपण गरि हरियाली सडक सौन्दर्यता वढाउने कार्यलाई निरन्तरता दिईनेछ।

३८०. लालीगुराँसको लागि उपयुक्त हावापानी भएको क्षेत्रमा लालिगुराँसको संरक्षण तथा वृक्षारोपण गरिनेछ ।

३८१. प्राकृतिक रुपमा उत्पादन भएका विरुवाहरुको संरक्षण गर्दै वृहत् वृक्षारोपण कार्यलाई संचालन गर्ने नीति लिईनेछ ।

३८२. राष्ट्रपति चुरे संरक्षण कार्यक्रम प्रभावकारी कार्यान्वयन गर्न पालिकाले समन्वयकारी भूमिका खेल्नेछ ।

३८३. वस्तीस्तरमा हुने आगोलागी र वन जंगल तथा भीर पाखामा लाग्ने डढेलोबाट हुने जनधनको क्षति तथा वातावरणीय प्रदुषण रोक्न सम्बन्धित सरोकारवालाहरुको समन्वयमा विषेश कार्यक्रम संचालन गरिनेछ ।

३८४. गाउँपालिका क्षेत्र भित्रका वनलाई नियमन र नियन्त्रण गर्न समन्वयमा आवश्यक वन नीति निर्माण गरिनेछ ।

३८५. जैविक विविधता संरक्षण, वृक्षारोपण, हरित उद्यान, नर्सरी स्थापना तथा जैबिक फलफूल खेति प्रवर्द्धन, नवीकरणीय उर्जा प्रविधिहरु प्रवर्द्धन, बन तथा बतावरण संरक्षण लगायतका जलवायु अनुकुलन तथा समुत्थानका कार्यक्रमहरु संचालनमा ल्याइनेछ ।

**विपद् व्यवस्थापनः**

३८६. **"नसोधी, नवोली आउँछ, प्रकृतिको विपदा: उठौं, जागौं, जोगाऔं जीउधन र सम्पदा"** भन्ने विपद् सम्वन्धी मूल नारालाई अवलम्वन गरि विपद् व्यवस्थापनको लागि पूर्वतयारीमा जोड दिइनेछ ।

३८७. मरिण गाउँपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्यको लागि संचालित आकस्मिक कार्य संचालन केन्द्र तथा प्रारम्भिक सूचना प्रणाली व्यवस्थित गरि उक्त प्रणालीलाई जिल्ला, प्रदेश तथा सङ्घीय सरकारसँग लिङ्क गराइनेछ ।

३८८. ५ बर्षे विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको तयार गरी सोको प्रभावकारी कार्यान्वयन गरिनेछ ।

३८९. स्थानीय तथा वडा स्तरीय विपद् व्यवस्थापन समितिको क्षमता अभिवृद्धि सम्वन्धी कार्यक्रम संचालन गरिनेछ ।

३९०. विपद् ब्यवस्थापन कोष स्थापना गरी कार्यविधि बनाई व्यवस्थित गरिनेछ ।

३९१. **"हरेक नागरिकको विपद्मा: मरिण सरकार छ साथमा"** भन्ने मूल नाराका साथ मरिण गाउँपालिकाका नागरिकहरुलाई सम्भावित विपद्को जोखिमबाट मुक्त गर्न गराउन आवश्यक व्यवस्थापन सहित हदै सम्मको पहल गरिनेछ ।

३९२. वृहत् विद्यालय सुरक्षा अवधारणलाई यस पालिकाभित्र यथाशीघ्र कार्यान्वयनमा ल्याईनेछ।

३९३. विपद् व्यवस्थापनको सन्दर्भमा आधुनिक तथा परम्परागत ज्ञान दुबैको प्रयोग गर्ने नीति लिईनेछ ।

३९४. मरिण गाउँपालिकाका नागरिकहरुलाई विपद्जन्य कार्यमा सहजता ल्याउन सब बाहन र बारुण यन्त्रको सुविधा उपलब्ध गराउन पहल गरिनेछ ।

**फोहोरमैला व्यवस्थापनः**

३९५. मरिण गाउँपालिका वडा नं. ०३ स्थित भालुमारामा बागमती प्रदेश सरकार र मरिण गाउँपालिकाको समान साझेदारीमा स्थायी ल्याण्ड फिल्ड साईट निर्माण गरी व्यवस्थित, वैज्ञानिक एवं आधुनिक तवरले फोहोरमैलाको तत्काल उचित व्यवस्थापन गरिनेछ ।

३९६. आवश्यक एवं औचित्यको आधारमा सफा र स्वच्छ मरिण गाउँपालिका बनाउन विभिन्न स्थानमा फोहोरमैला व्यवस्थापन सामग्रीको व्यवस्था गरिनेछ ।

३९७. मरिण गाउँपालिका अन्तर्गतका टोल विकास समितिहरुलाई सशक्त ढंगबाट परिचालन गर्न आवश्यक सहयोग गरि सक्रिय बनाई संघ-संस्थाहरू समेतको समन्वय एवं सहकार्यमा फोहोरमैला सम्वन्धी विभिन्न कार्यक्रम तथा अभियानहरू संचालन मार्फत गाउँपालिकालाई सरसफाईयुक्त गाउँपालिका बनाईनेछ ।

३९८. फोहोरमैलाको उचित व्यवस्थापनलाई मध्यनजर गरि फोहोरको स्रोतमा नै अर्गानिक, प्लाष्टिक, सिसाजन्य, कुहिने एवं नकुहिने छुट्टा-छुट्टै बर्गीकरण गरी कुहिने फोहोरलाई अनिवार्य रुपमा सम्बन्धित व्यक्तिले नै व्यवस्थापन गर्नुपर्ने र नकुहिने फोहोरलाई मात्र गाउँपालिकाले उठाई ल्याण्ड फिल्ड साइट सम्म लैजाने व्यवस्था मिलाइनेछ ।

३९९. फोहोरमैलाको व्यवस्थापन र सोको नियमनका लागि गाउँपालिकाले निर्धारण गरेको शुल्क उठाउन टोल विकास समितिलाई परिचालन गर्ने नीति लिइनेछ ।

४००. गाउँपालिका क्षेत्र भित्र स्वास्थ्य, सरसफाई र स्वच्छताको एवं वातावरणीय दृष्टिकोणले उत्सर्जित प्लाष्टिकजन्य फोहोरको न्यूनीकरण गर्न प्लाष्टिकजन्य वस्तुहरु प्रयोगमा निरुत्साहित गरिने नीति लिईनेछ ।

४०१. गाउँपालिकालाई स्वच्छ र सफा गाउँपालिका वनाउन विभिन्न स्थानहरूका साथै विद्यालयहरूमा डसविनको व्यवस्थापन गरिनेछ ।

४०२. मरिण गाउँपालिका क्षेत्र भित्रका बजारहरूमा सार्वजनिक सौचालय निर्माण कार्यलाई प्राथमिकता दिईनुका साथै निर्माण भएका सार्वजनिक सौचालयहरुलाई व्यवस्थित तवरले संचालन गरिनेछ ।

**जलवायु परिवर्तनः**

४०३. जल तथा मौसम सम्वन्धी जानकारी राख्न एकीकृत जलाधार व्यवस्थापन योजना तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।

४०४. सङ्घ, प्रदेश र स्थानीय सरकारले नेपालको संविधानमा भएको संवैधानिक व्यवस्था एवं एकल तथा साझा अधिकार सूचीको प्रयोगमा संरचनागत सुधार गर्दै सुक्ष्म,

साना, मझौला र वृहत् नदी जलाधार योजना तयार गरि समन्वयात्मक ढंगबाट विपद् जोखिम न्यूनीकरण गरिनेछ ।

४०५. नेपाल सरकारले लिएको नीति अनुरुप मरिण गाउँपालिका भित्र प्रयोग हुने परम्परागत चुलोको स्थानमा विद्युत पुगेका स्थानहरुमा विद्युतीय इन्डक्सन चुल्हो प्रयोगको लागि उत्प्रेरित गरिनेछ । साथै विद्युत नपुगेका स्थानहरुमा सुधारिएको चुलो प्रयोग गर्ने गराउने कार्यलाई निरन्तरता दिईनेछ ।

४०६. प्रत्येक वडामा कम्तीमा एक वटा पोखरी निर्माण गर्न प्रोत्साहन गरिनेछ ।

४०७. सुख्खाग्रस्त जलाधार क्षेत्रमा एकीकृत पानी श्रोत व्यवस्थापन कार्यक्रम संचालन गर्न आवश्यक पहल गरिनेछ ।

४०८. पहिरो नियन्त्रण, विपद् व्यवस्थापन एवं जलवायु परिवर्तनको असरलाई न्यूनीकरण गर्दै जलवायु अनुकुल विकास निर्माण गर्ने कार्यका लागि आवश्यक पहल गरिनेछ ।

४०९. सार्वजनिक स्थानहरूमा समि, वर, पिपल जस्ता प्रशस्त अक्सिजन दिने वोट विरूवाहरू रोप्ने कार्यलाई प्राथमिकता दिईनेछ ।

४१०. जलवायु परिवर्तनका प्रतिकूल प्रभावलाई न्यूनीकरण गर्न समुदायको परिचालन मार्फत् पर्यावरणको संरक्षण, विकास तथा वातावरण वीच सन्तुलन कायम गर्ने नीति लिईनेछ।

४११. संघ-संस्था सँगको समन्वय, सहयोग र सहकार्यमा जलवायु परिवर्तन सम्वन्धी विविध कार्यक्रम संचालन गरिनेछ ।

**<u>जल उत्पन्न प्रकोप नियन्त्रणः</u>**

४१२. मरिण खोलाले वर्षेनी ठूलो मात्रामा धनजन र खेतीयोग्य जमिन नष्ट गर्ने भएको हुँदा सङ्घीय सरकार/प्रदेश सरकारको सहयोगमा उक्त खोलाको दुवै किनारामा वृहत् तटवन्धन कार्यक्रम संचालन गरिनेछ ।

४१३. मरिण गाउँपालिका क्षेत्र भित्रका खहरे खोलाको असरलाई नियन्त्रण गर्न सरोकारवालाहरुसँग समन्वय एवं सहकार्य गरि नियन्त्रण एवं संरक्षणको नीति अवलम्बन गरिनेछ ।

४१४. गाउँपालिकाको दक्षिण भेगमा रहेको चुरे संरक्षणको लागि राष्ट्रपति चुरे संरक्षण एवं चुरे संरक्षण सम्वन्धी कार्य गर्ने विभिन्न संघ/संस्थाहरुसँग समन्वय गरि चुरेको संरक्षण कार्यलाई प्राथमिकताका साथ अगाडि वढाईनेछ ।

४१५. राष्ट्रिय गौरबको आयोजनाको रुपमा रहेको सुनकोशी मरिण डाईभर्सन आयोजनाको कार्यान्वयनमा गाउँपालिकाको तर्फबाट आवश्यक सहयोग, समन्वय एवं सहजीकरण गर्दै मरिण खोलाको दाँया-बाँयाको खेतीयोग्य जमिनको संरक्षणका लागि तटबन्ध निर्माण गर्न पहल गरिनेछ ।

४१६. भगवती खोलाको कारण हुन सक्ने सम्भावित जोखिमलाइ न्यूनीकरण गर्न भगवती खोला करिडोरलाई व्यवस्थित गरिनेछ ।

४१७. वरुण खोलाको कारण सिर्जना हुने वाढी, पहिरो, भू-क्षय नियन्त्रण गर्न वरुणखोला तटबन्ध निर्माण तथा नियन्त्रण योजनाको लागि सम्भाव्यता अध्यनय भइसकेको हुँदा उक्त योजना संचालनको लागि आवश्यक पहल गरिनेछ ।

४१८. चिहाने-खयरसाल-जुटपानी हुँदै मरिणमा बग्ने फूलवारी खोलाको दायाँ-बाँया तटबन्ध गरि नदी कटान जग्गालाई उकासी पालिकाको स्वमित्वमा ल्याउने नीति लिईनेछ ।

४१९. गाउँपालिका अन्तर्गतका व्यक्तिगत नामनामेसीमा दर्ता भएका जग्गा बाहेकका ऐलानी एवं सार्वजनिक जग्गाको एकीकृत तथ्याङ्क अद्यावधिक गरी उक्त जग्गाको संरक्षण एवं उपयोगमा आवश्यक पहलकदमी गरिनेछ ।

४२०. गाउँपालिका क्षेत्र भित्र रहेका विभिन्न खोला र खोल्सीबाट हुन सक्ने सम्भावित जोखिमलाई न्यूनीकरण गर्न आवश्यक तारजालीको व्यवस्थापन गरि सम्वन्धित सरोकारवालाहरू सँगको समन्वयमा कार्यान्वयनमा ल्याईनेछ ।

## <u>सुशासन तथा संस्थागत विकास सम्बन्धी नीतिः</u>

### <u>संगठनात्मक व्यवस्थापनः</u>

४२१. गाउँपालिकाको कर्मचारी प्रशासनलाई चुस्त र व्यवस्थित बनाउन अद्यावधिक गरिएको संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) कार्यान्वयनमा ल्याइनेछ ।

४२२. कर्मचारीहरुको क्षमता विकासका लागि तालिम तथा प्रशिक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।

४२३. कर्मचारीहरुको मनोबल उच्च बनाई सेवा प्रवाहलाई चुस्त, दुरुस्त एवं नतिजामुखी, पारदर्शी एवं आर्थिक अनुशासन कायम गर्ने नीति अबलम्बन गरिनेछ ।

४२४. कर्मचारीहरुलाई प्रोत्साहन गर्न आवश्यक कार्यविधि वनाई प्रोत्साहन स्वरुप सुविधा उपलब्ध गराउने नीति लिइनेछ ।

४२५. कार्य कुशलताको आधारमा उत्कृष्ट कर्मचारीलाई पुरस्कृत दिईने नीति लिइनेछ ।

४२६. सेवाग्राहीको गुनासो व्यवस्थापन गर्न Exit Pole को व्यवस्था मिलाइएकोमा सोलाई निरन्तरता दिइ प्राप्त हुन आएका गुनासाहरुको तत्काल सम्बोधन गरिनेछ ।

४२७. सेवाग्राहीको चापलाई मध्यनजर गर्दै सेवा प्रवाहलाई चुस्त, प्रभावकारी एवं व्यवस्थित बनाउन आवश्यक सहजीकरण गरि सेवा प्रदान गर्ने व्यवस्था मिलाईनेछ ।

४२८. गाउँपालिका अन्तर्गतका सबै कार्यालयमा सेवा प्रवाहको एकद्वार प्रणाली विकास गर्ने नीति अवलम्बन गरिनेछ । जनगुनासो सम्बोधनका लागि हरेक वडामा गुनासो सुनुवाइको व्यवस्था र मोबाइल गभर्नेन्सको व्यवस्था गरिनेछ । गाउँ कार्यपालिकाको कार्यालय एवं मातहतका कार्यालयहरूबाट हुने सेवा प्रवाहको गुणस्तरमा अभिवृद्धि गरिनेछ ।

४२९. कर्मचारीको योगदानमा आधारित निवृत्तिभरण, अवकाश कोष, उपदान तथा बीमा कोष खडा गरी कर्मचारीलाई उत्प्रेरित गर्ने नीतिको कार्यान्वयन गरिनेछ ।

४३०. **"मरिण गाउँपालिकाको सुशासनका आधारः उत्तरदायित्व, जवाफदेहिता, पारदर्शीता र सदाचार"** भन्ने नारालाई गाउँपालिकाको सुशासन कायम गर्ने कडीको रुपमा लिइनेछ ।

४३१. गाउँपालिकाबाट प्रवाह हुने सेवालाई प्रभावकारी वनाउन **“जनता सुखी, हामी खुसी”** भन्ने नारालाई साकार पार्न स्थानीय तहको शासन र प्रशासनिक संयन्त्रलाई सेवामुखी, स्तरीय, विधिसम्मत र जनमैत्री बनाइनेछ ।

४३२. स्वीकृत संगठन तथा व्यवस्थापन सर्भेक्षण वमोजिम कर्मचारी व्यवस्थापन गरि सेवा प्रवाहलाई सरल, सहज र प्रभावकारी वनाईनेछ ।

४३३. सेवा प्रदायक निकायको दक्षता अभिवृद्धि गरी सेवाप्रति जवाफदेहिता प्रवर्द्धन गरिनेछ । सेवा प्रवाहमा पारदर्शीता र प्रभावकारिता ल्याउन सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण, सामाजिक परीक्षण एवं गुनासो व्यवस्थापनका लागि कार्यक्रम आयोजना गरी कार्यान्वयनमा ल्याइनेछ ।

४३४. जनताको गुनासो सुनुवाई संयन्त्रको निर्माण गरी कार्यान्वयन गरिनेछ ।

४३५. कार्यालयबाट प्रवाह गरिने सेवा प्रवाहलाई सुदृढ गर्न आवश्यक श्रोत तथा साधनको व्यवस्थापन गरिनेछ ।

४३६. सार्वजनिक सेवाप्रवाहलाई गुणस्तरीय एवं प्रभावकारी बनाउन विद्युतीय शासन प्रणाली अवलम्बन गरी प्रशासनिक कार्यविधिलाई सरलीकरण र सङ्क्षेपीकरण गरिनेछ ।

४३७. सबै वडा कार्यालयहरुबाट प्रवाह हुने सेवालाई गाउँ कार्यपालिकाको एकीकृत सञ्जालमा जोड्ने व्यवस्था मिलाइनेछ ।

४३८. सवै वडा कार्यालय तथा कार्यपालिकाको कार्यालयमा क्रमशः विद्युतीय नागरिक वडापत्रको व्यवस्थापन गर्रिदै लगिनेछ ।

४३९. मरिण गाउँपालिकाको खर्च प्रणालीलाई पारदर्शी बनाई पुँजीगत खर्चको न्यून अनुपातलाई बढोत्तरी गरि पुँजीगत खर्चमा वृद्वि तथा नतिजामूखी बनाई वित्तीय सुशासन सहितको जबाफदेहीता र उत्तरदायित्व प्रवर्द्धन गर्ने नीति लिईनेछ ।

४४०. गाउँपालिकाका महत्वपूर्ण निर्णयहरु कानून बमोजिम सञ्चार माध्यम, सामाजिक सञ्जाल तथा वेबसाइट मार्फत सार्वजनिक गरिनेछ ।

४४१. गुनासो तथा उजुरी पेटीकाको व्यवस्था गरि प्राप्त गुनासो तथा उजुरीहरुको समयमा नै उचित व्यवस्थापन गरिनेछ ।

४४२. सङ्घीय सरकार, प्रदेश सरकार अन्तर्गतका कार्यालयहरुबाट कार्यान्वयन गरिने योजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न पालिकाको तर्फबाट आवश्यक समन्वय, सहयोग तथा सहजीकरण गरिनेछ ।

४४३. सङ्घीय सरकार, प्रदेश सरकारबाट प्राप्त कार्यक्रम तथा बजेट एवं अन्य सरोकारवाला निकायबाट प्राप्त कार्यक्रम तथा बजेटको प्रभावकारी परिचालन मार्फत कार्यान्वयन गरिनेछ ।

४४४. वित्तीय सुशासनलाई अभिवृद्धि गर्न विद्युतीय प्रणाली मार्फत गाउँ कार्यपालिकाको कार्यालय एवं मातहतका कार्यालयबाट प्रदान गरिने सेवालाई क्रमश अफिस अटोमेशन पद्दतिमा लगिनेछ ।

४४५. गाउँ कार्यपालिकाको कार्यालयबाट प्रवाह गरिने सेवालाई चुस्त प्रभावकारी बनाउनका लागि एवं गाउँपालिकाको कार्यबोझ, चाप तथा जनशक्तिलाई मध्यनजर गर्दै रु. ३ (तीन) लाख सम्मको योजनाहरु वडा तहबाट नै सम्झौता गरि कार्यान्वयनमा ल्याईएकोमा अति नै मितव्ययी, प्रभावकारी, सेवाग्राहीमैत्री तथा नागरिकमैत्री भएकोले यसलाई निरन्तरता दिईनेछ ।

४४६. मरिण गाउँपालिकालाई सूचना तथा संचार प्रविधिमैत्री गाउँपालिकाको रुपमा विकास गरिनेछ ।

४४७. गाउँ कार्यपालिकाको कार्यालयबाट प्रदान गरिने सेवालाई सरल, छिटो, छरितो र अनुमान योग्य बनाउन तथा सेवा प्रवाहलाई गुणस्तरीय ढंगले सम्पादन गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

४४८. मरिण गाउँपालिकाबाट प्रवाह गरिने सेवालाई नागरिकमैत्री बनाउन आ.व. ०८१।८२ लाई सुशासन सहितको चुस्त, छिटो, छरितो एवं गुणस्तरीय सेवा प्रवाह बर्षको रुपमा कार्यान्वयन गरिनेछ ।

४४९. सरकारलाई नागरिकप्रति अधिकतम रुपमा उत्तरदायी बनाउन आ.व. ०८१।८२ देखि क्षतिपूर्ति सहितको नागरिक वडापत्रलाई व्यवहारतः कार्यान्वयनमा ल्याईनेछ ।

मरिण गाउँपालिका

४५०. गाउँपालिकाको आवधिक योजना र बार्षिक बजेट बीचमा तादाम्यता मिलाई योजना तथा कार्यक्रमको छनौट र सोको प्रभावकारी कार्यान्वयन गर्न आवधिक योजनालाई अद्यावधिक गरि मध्यमकालीन खर्च संरचना (MTEF) सहितको बार्षिक नीति, कार्यक्रम तथा बजेट निर्माण गरि कार्यान्वयनमा ल्याइनेछ ।

४५१. मरिण गाउँपालिकाबाट निर्मित क्षमता विकास योजनाको प्रभावकारी कार्यान्वयन गरिनेछ ।

४५२. सुशासन, पारदर्शीता र जवाफदेहीतालाई सुदृढ गरी प्रवर्द्धन गर्न उपभोक्ता राय सर्वेक्षण प्रतिवेदनमा औंल्याएका विषयहरुलाई गम्भीर रुपमा लिई आगामी दिनमा थप सुधार गर्दै लगिनेछ ।

## राजश्व तथा वित्तीय व्यवस्थापन नीतिः

४५३. **"हामीले तिर्ने करः मरिणको विकासको लागि भर"** भन्ने नाराका साथ आम करदाताहरुलाई करको दायरामा ल्याउन करदाता साक्षरता अभियान संचालन गरिनेछ ।

४५४. आर्थिक रुपमा विपन्न नागरिकलाई सिफारिस दस्तुरमा केही छुट प्रदान गरि करको भारमा सहुलियत गर्दै करको दायरा फराकिलो पार्ने नीति अवलम्बन गरिनेछ ।

४५५. करको दायरालाई बढाउँदै लैजाने पालिकाको नीति अनुसार करको शीर्षक अनुसार मितव्ययी तवरले कर संकलन गर्ने व्यवस्था मिलाईनेछ ।

४५६. आन्तरिक राजश्वलाई बढोत्तरी गर्न करका विभिन्न सम्भाव्य क्षेत्रहरुको पहिचान एवं निर्माण गरिएको राजश्व सुधार योजनाको प्रभावकारी कार्यान्वयनमा ल्याइनेछ ।

४५७. आर्थिक अनुशासन कायम गर्नका लागि आन्तरिक नियन्त्रण प्रणाली अवलम्बन गरि नियन्त्रण र सन्तुलनको व्यवस्था मिलाई कार्यान्वयनमा ल्याइनेछ ।

४५८. अत्यावश्यक वाहेकका शीर्षकमा खर्च नियन्त्रण गरी श्रोतको उपयोग गर्दा मितव्ययी हुने नीति अवलम्बन गरिनेछ ।

४५९. गाउँपालिका अन्तर्गतका सरकारी र सार्वजनिक चल-अचल सम्पत्तिको एकीकृत तथ्यांक सकंकलन एवं सोको अभिलेख तयार गरि सदुपयोग र संरक्षणको नीति अख्तियार गरिनेछ । आर्थिक पारदर्शीता, वित्तीय अनुशासन र बेरुजु फछ्र्यौटलाई अझ प्रभावकारी ढङ्गले कार्यान्वयन गरिनेछ ।

४६०. गाउँपालिकाको गत विगत आर्थिक वर्षको वेरुजु मध्ये प्रमाण पेश गरि नियमित गर्नु पर्ने वेरुजुलाई नियमित गर्ने, असुल उपर गर्नुपर्ने वेरुजुलाई सम्बन्धित व्यक्ति तथा संघसंस्थाहरुसँग नियमानुसार असुलउपर गरि राजश्व अभिवृद्धि गर्ने र म्याद नाघेका एवं नियमित पेश्की बेरुजुलाई फछ्र्यौट गर्ने नीति लिइनेछ ।

४६१. गाउँपालिकाको वेरुजुलाई न्यून एवं शून्य बेरुजुको अवस्थामा ल्याउन गाउँ कार्यपालिकाको कार्यालयले गरेको सकरात्मक प्रयासलाई सहयोग तथा समन्वय गर्ने नीतिको अवलम्बन गरिनेछ ।

४६२. गाउँपालिकाको योजना, नीति, कार्यक्रम, आयोजना कार्यान्वयन र सेवा प्रवाहले आर्थिक, सामाजिक विकासमा गरेको समग्र योगदानको लेखाजोखा, विश्लेषण र मूल्यांकन गर्न सामाजिक परीक्षणको नीति लिईनेछ ।

४६३. योजना तथा कार्यक्रम कार्यान्वयन स्थलमा सरोकारवालाहरुको अर्थपूर्ण उपस्थितिमा सार्वजनिक लेखापरीक्षण (Public Audit) गर्ने व्यवस्था मिलाईनेछ ।

४६४. गाउँपालिकाको आन्तरिक राजश्वलाई अभिवृद्धि गरि स्वयम् सक्षमता हाँसिल गर्न कानुनतः सबैलाई करको दायरामा ल्याउन बढि कर तिर्नेलाई सम्मान र कर सम्बन्धी जानकारी गराउने उद्देश्यले करदाता शिक्षा कार्यक्रम संचालन गरिनेछ । साथै महिला उद्यमी एवं व्यवसायीलाई प्रोत्साहन गर्न व्यवसाय कर छुटको विशेष नीति लिईनेछ ।

**<u>न्यायिक समितिः</u>**

४६५. न्याय सम्पादनलाई व्यवस्थित बनाउन कार्यतालिका बनाइ इजलासबाट न्यायिक छलफलको कार्य अगाडि बढाइनेछ ।

४६६. न्यायिक समितिबाट सम्पादन गरिने सेवा प्रवाहलाई चुस्त एवं प्रभावकारी बनाइनेछ ।

४६७. न्याय प्रणालीलाई विश्वसनीय बनाउन र सुधार गर्न अध्ययन अनुसन्धानमा जोड दिई न्यायिक समितिको क्षमता अभिवृद्धि गरिनुका साथै न्यायिक समितिको असल अभ्यासको आदानप्रदानका लागि अध्ययन, अवलोकन भ्रमणको व्यवस्था मिलाइनेछ ।

४६८. स्थानीय विवाद मेलमिलापको माध्यमबाट निरुपण गर्न मेलमिलाप केन्द्रको व्यवस्थापन गरि क्रियाशील बनाइ क्षमता अभिवृद्धि गरिनुका साथै प्रत्येक वडामा कार्यकक्षको व्यवस्था मिलाइनेछ ।

४६९. गरिब, असहाय तथा पछि परेको समुदायको लागि निःशुल्क कानुनी परामर्शको लागि सहयोग गर्न आवश्यक व्यवस्था मिलाईनेछ ।

४७०. न्यायिक समितिले सम्पादन गर्न पाउने विवादहरु के-के हुन्, यसका प्रक्रियाको बारेमा जनस्तरमा प्रचार-प्रसार गर्ने कार्यक्रमहरु निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ ।

४७१. वार्षिक नीति अनुरुप कार्यक्रम कार्यान्वयन एवं सुशासन कायम गर्न आवश्यक ऐन, नियमावली, कार्यविधि, मापदण्ड र निर्देशिका निर्माण गरिनेछ ।

**<u>अन्य</u>:**

४७२. सिंहदरबारको अधिकार गाउँगाउँमाः मरिण सरकार नगरिकको घरघरमा भन्ने मूल अभिप्रायलाई कार्यान्वयन गर्न मरिण सरकार नागरिकको सबैभन्दा नजिकको सरकार, घरआँगनको सरकार, नागरिकको दैनिक जनजीवनमा देखा पर्ने समस्यामा तत्काल मलमपट्टी लगाउने सरकार, मेरो जनप्रतिनिधि मेरो सरकार, मेरो अभिभावक भन्ने नागरिकको भावलाई प्रत्याभूत गर्न मरिण गाउँपालिका अन्तर्गतका विपन्न नागरिकहरु जो दिगो एवं सुरक्षित आवासको पहुँचबाट बाहिर छन् उनीहरुलाई सम्बोधन गर्न **"मरिण गाउँपालिका अध्यक्ष विपन्न नागरिक सुरक्षित आवास"** कार्यक्रम तत्काल कार्यान्वयनमा ल्याइनेछ ।

४७३. सन् २०१५ देखि २०३० सम्मका लागि निर्धारित दिगो विकासका १७ वटा लक्ष्यहरुको हाँसिल गर्न दिगो विकास लक्ष्य-२०३० सम्बन्धी क्रियाकलाप कार्यान्वयनको अवस्था र भावी दिनमा अपनाउनु पर्ने रणनीतिका सन्दर्भमा "दिगो

विकास लक्ष्यमा मरिण गाउँपालिकाको उपलब्धि समीक्षा तथा भावी रणनैतिक योजना कार्यक्रम" कार्यान्वयन गरिएकोमा आवश्यकता एवं औचित्यताको आधारमा निरन्तरता दिइनेछ ।

४७४. उद्योग बाणिज्य संघ मरिण शाखाको समन्वय र सहकार्यमा मरिण गाउँपालिकाको हरेक विकासात्मक कार्य एवं क्रियाकलापमा निजी क्षेत्रलाई समेत समेटेर अगाडि बढ्ने नीति लिईनेछ ।

४७५. मरिण गाउँपालिका क्षेत्र भित्र संचालित विभिन्न प्रकृतिका यातायातको क्षेत्रमा देखिएको व्यथितिको नियन्त्रण एवं नियमन गर्दै व्यवस्थित बनाउन सम्बन्धित सरोकारवालाहरुसँग समन्वय र सहकार्य गरि अगाडि बढिनेछ ।

४७६. आर्थिक रुपले पछाडि परेका बर्ग तथा समुदायलाई उत्पादन एवं स्थानीय रोजगारी सँग आवद्ध गराई उनीहरुको जीवनस्तरलाई माथि उकासी आत्मनिर्भर बनाउन **"विपन्न बर्ग सँग मरिण सरकार"** अभियान अगाडि बढाईनेछ ।

४७७. मरिण गाउँपालिकाको आम युवा वर्गमा लोकसेवाप्रति सकारात्मक भाव पैदा गराइ आकर्षण गर्न र लोकसेवाको प्रतिस्पर्धात्मक परीक्षामा सफल हुनका लागि सहयोग गर्ने हेतुले सरकारी सेवामा मरिणका युवाको पहुँच अभिवृद्धि गर्न लोकसेवा आयोगको तयारी कक्षा संचालन गरिनेछ ।

४७८. गाउँपालिकाको क्षमता अभिवृद्धि गर्दै प्रवर्द्धन गर्न समग्र विकासको लागि अन्तर्राष्ट्रिय मञ्चमा आफ्नो दरिलो उपस्थिति जनाउन अन्तर्राष्ट्रिय संघ-संस्थाहरुको सञ्जालसँग आवद्ध भई फाइदा लिन अन्तर्राष्ट्रिय संघ-संस्थाहरुसँग आवश्यकताको आधारमा भगिनी सम्बन्ध कायम गर्ने नीति लिइनेछ ।

४७९. सडक सुरक्षा एवं सडक सौन्दर्यतालाई मध्यनजर गर्दै मदन भण्डारी राजमार्गको मरिण गाउँपालिका भित्र पर्ने सडक खण्ड अन्तर्गत मुआब्जा/क्षतिपूर्ति प्राप्त गर्न बाँकी संरचनाका धनीहरुलाई सडक डिभिजन कार्यालय हेटौंडा सँग समन्वय गरी यथाशक्य छिटो मुआब्जा/क्षतिपूर्ति दिलाई मुआब्जा/क्षतिपूर्ति प्राप्त गरिसकेका र प्राप्त गर्न बाँकी दुबैको हकमा हाललाई सडकको दायाँबायाँ केन्द्रीय रेखा देखि न्यूनतम १०/१० मिटर सडक क्षेत्र भित्र बनेका एवं बनिरहेका संरचनाहरु हटाउन कडाइका साथ पहल गरिनेछ ।

४८०. अनौपचारिक क्षेत्रका श्रमिक तथा स्वरोजगारमा रहेका व्यक्तिको सामाजिक सुरक्षा योजनालाई समन्वयात्मक तवरले प्रकावकारी रुपमा कार्यान्वयनमा ल्याइनेछ ।

४८१. श्रमप्रति सम्मान गर्दै मरिण गाउँपालिकाको हरेक विकासात्मक क्रियाकलापहरुमा आम सरोकारवालाहरुको सक्रिय सहभागिता मार्फत अपनत्व अभिवृद्धि गर्न मरिण सरकार, स्थानीय राजनीतिक दल, समाजसेवी, बुद्धिजिबी एवं संघ-संस्थाहरुको पहलकदमीमा मरिणको हकमा नयाँ प्रयोगको रुपमा वृहत् जनश्रमदानका अभियानहरु आयोजना गरि कार्यान्वयनमा ल्याइनेछ ।

४८२. मरिण गाउँपालिका अन्तर्गतका सरकारी भवन तथा सरकारी अनुदान प्राप्त सामुदायिक भवन निर्माण गर्दा स्वदेशमा उत्पादन भएका काठ अनिवार्य रुपमा प्रयोग गर्ने नीति लिइनेछ ।

४८३. मरिण गाउँपालिकाको आम नगरिकहरुमा सहज, सर्वलुभ तबरले वित्तीय संस्थाहरुको पहुँच स्थापित गर्न एटिएमको पहुँच पुर्याउन पहल गरिनेछ ।

४८४. ट्राफिक कार्यालय स्थापनाका लागि पहल गरिनुका साथै सडक सुरक्षालाई मध्यनजर गर्दै मरिण गाउँपालिका अन्तर्गतको मदन भण्डारी राजमार्ग र सहायक मार्गहरुमा ट्राफिक व्यवस्थापनका लागि आवश्यक सहयोग एवं सहजीकरण गरिनेछ ।

४८५. सङ्घीय लोकतान्त्रिक गणतन्त्र प्राप्तिको खातिर महान् १० बर्षे जनयुद्दमा आफ्नो अमूल्य जीवन आहुति दिनुहुने महान् सहिद शेरमान कुँवरको सम्मानमा गौरीशंकर मा.वि. जयमंगललाई सहिद शेरमान कुँवर स्मृति मा.वि नामाकरण गरिनेछ ।

४८६. मरिण गाउँपालिकाको भूगोल, भौगोलिक अवस्थिति, जनसंख्या, बढ्दो सहरीकरण, सम्पादन गर्नुपर्ने कामको प्रकृति, कार्यबोझ एवं चाप, स्थानीय आवश्यकता तथा औचित्यताको आधारमा मरिण गाउँपालिकाबाट मरिण नगरपालिकामा स्तरोन्नतिका लागि आवश्यक पहल गरिनेछ ।

अन्त्यमा, मरिण गाउँपालिकाको समग्र विकास र समृद्धिको लागि यो नीति तथा कार्यक्रमले अंगिकार गरेका विषयहरुको कार्यान्वयन महत्वपूर्ण हुनेछ । नेपालको संविधानले आत्मसात गरेका मूल्य, मान्यता र परिकल्पना, दिगो विकासको लक्ष्य,

नेपाल सरकारको १६ औं आवधिक योजनाको अवधारणापत्र, बागमती प्रदेश सरकारको आवधिक योजना, नेपाल सरकार तथा बागमती प्रदेश सरकारको बार्षिक नीति, कार्यक्रम तथा बजेट र यस गाउँपालिकाको आवधिक योजनाको आधारमा रहि यहाँका आम जनसमुदायबाट प्रकट भएका भावनाहरुलाई यस नीति तथा कार्यक्रमले समेटेको छ । आगामी बजेटबाट नीति कार्यक्रममा व्यक्त प्रतिवद्धतालाई समेट्ने विश्वास लिएको छु । यो नीति तथा कार्यक्रम समुन्नत गाउँपालिकाको खाका सहित कार्यान्वयन योग्य दस्तावेजको रुपमा रहने छ । नीति तथा कार्यक्रमका लागि सुझाव दिनुहुने सम्पूर्ण जनप्रतिनिधिहरु, राजनीतिक दलका प्रतिनिधिहरु, बुद्धिजिबी, समाजसेवी र कर्मचारी एवं अन्य सरोकारवालाहरु सबैमा हार्दिक आभार तथा धन्यवाद व्यक्त गर्न चाहन्छु ।

धन्यवाद !